# महालेखापरीक्षकको
# वार्षिक प्रतिवेदन
# २०७९
## थाहा नगरपालिका, मकवानपुर




महालेखापरीक्षकको कार्यालय

काठमाडौं, नेपाल

## दूरदृष्टि (Vision)

जवाफदेहिता, पारदर्शिता र निष्ठा प्रवर्द्धन गर्ने विश्वसनीय संस्था हुने ।

(Be Credible Institution in Promoting Accountability, Transparency and Integrity)

## गन्तव्य (Mission)

देशमा स्वतन्त्र एवं गुणस्तरीय लेखापरीक्षण सेवा प्रदान गर्ने ।

(Provide Independent and Quality Audit Service to the Nation)

## मूल्य मान्यता (Core Values)

| | |
|---|---|
| स्वतन्त्रता | (Independence) |
| निष्ठा | (Integrity) |
| पारदर्शिता | (Transparency) |
| जवाफदेहिता | (Accountability) |
| व्यावसायिकता | (Professionalism) |

# महालेखापरीक्षकको भनाइ



नेपालको संविधानको धारा २४१ मा संघ, प्रदेश र स्थानीय तहका सबै सरकारी कार्यालयको लेखा कानून बमोजिम नियमितता, मितव्ययिता, कार्यदक्षता, प्रभावकारिता र औचित्य समेतको विचार गरी महालेखापरीक्षकबाट लेखापरीक्षण हुने व्यवस्था छ । लेखापरीक्षण ऐन, २०७५ को दफा २०(२) मा महालेखापरीक्षकले प्रत्येक स्थानीय तहको लेखापरीक्षण सम्पन्न गरी अलग अलग प्रतिवेदन जारी गर्न सक्ने व्यवस्था छ । उल्लिखित संवैधानिक तथा कानूनी व्यवस्था एवं नेपाल सरकारी लेखापरीक्षण मान, वित्तीय लेखापरीक्षण मार्गदर्शन, स्थानीय तह लेखापरीक्षण निर्देशिका, महालेखापरीक्षकको वार्षिक लेखापरीक्षण योजना र स्थानीय तहसँग सम्बन्धित ऐन, नियमको आधारमा यस स्थानीय तहको २०७७/७८ को आर्थिक कारोबारको लेखापरीक्षण सम्पन्न गरी यो प्रतिवेदन जारी गरिएको छ।

स्रोत साधनको प्राप्ति र परिचालन सम्बन्धमा नियमितता, मितव्ययिता, कार्यदक्षता र प्रभावकारिताका पक्षबाट विश्लेषण गरी वित्तीय व्यवस्थापनमा सुधारका लागि सुझाव प्रदान गर्नु तथा सुशासन प्रवर्द्धनमा टेवा पुर्‍याउनु लेखापरीक्षणको उद्देश्य रहेको छ ।लेखापरीक्षणमा वित्तीय विवरणको शुद्धता, प्रचलित कानूनको पालना, बजेट तथा योजना तर्जुमा, कार्यक्रम कार्यान्वयन, खरिद व्यवस्थापन, सार्वजनिक सम्पत्तिको संरक्षण र उपयोग, जवाफदेहिता एवं पारदर्शिता, सेवा प्रवाह लगायतका विषयहरुको मूल्याङ्कन गरिएको छ ।

लेखापरीक्षणमा मूलतः आन्तरिक आय र राजस्व बाँडफाँडको प्रक्षेपण तथा स्रोत व्यवस्थापन, आय सङ्कलन, राजस्व छुट, बजेट अनुशासन, वर्षान्तको खर्च, खरिद व्यवस्थापन, अनुत्पादक तथा वितरणमुखी खर्च, योजना प्राथमिकीकरण, आयोजना छनोट, उपभोक्ता समितिबाट भएका निर्माण कार्य, दीर्घकालीन विकासका खाका तर्जुमा लगायतका व्यहोरा औंल्याइएको छ ।

लेखापरीक्षणबाट स्थानीय तहमा आवश्यक अनुभवी र दक्ष जनशक्तिको कमी रहेको, सेवा प्रवाहमा अपेक्षित सुधार हुन नसकेको, स्रोत, साधन र सम्पत्तिको दुरुस्त अभिलेख नरहेको, सञ्चालित योजना, कार्यक्रम, सेवा प्रवाहको यथार्थ रुपले अभिलेख नराखेको, लेखाङ्कन तथा समग्र प्रतिवेदन प्रणाली र आन्तरिक नियन्त्रण कमजोर रहनुका साथै आन्तरिक लेखापरीक्षण भरपर्दो र प्रभावकारी नभएको पाइएको छ। स्थानीय तहमा महालेखापरीक्षकको लेखापरीक्षण प्रतिवेदन उपर छलफल र बेरुजू फस्र्यौट सम्बन्धी स्पष्ट कार्यविधि तर्जुमा भएको देखिएन । लेखापरीक्षणबाट औंल्याएका व्यहोराहरू सुधार गरी गत विगतका बेरुजू उपर आवश्यक कारवाही गरी वित्तीय अनुशासन कायम हुने व्यवस्था मिलाउनुपर्दछ ।

समय र जनशक्तिको सीमितताको बाबजुद यथासम्भव स्थानीय तहको कार्यस्थलमा नै उपस्थित भई लेखापरीक्षण गरिएको छ । लेखापरीक्षणको क्रममा लेखापरीक्षण टोलीबाट स्थानीय तहका पदाधिकारीहरूसँग छलफल समेत गरिएको छ। लेखापरीक्षण प्रतिवेदनमा उल्लेख भएका व्यहोराको कार्यान्वयनबाट स्थानीय तहको वित्तीय व्यवस्थापन, विकास निर्माण र सेवा प्रवाहमा सुधार हुने अपेक्षा गरेको छु । स्थानीय तहको लेखापरीक्षणमा सहयोग पुर्‍याउने स्थानीय तहका सबै पदाधिकारी तथा कर्मचारीहरू र लेखापरीक्षण कार्यमा संलग्न यस कार्यालयका कर्मचारीहरू सबैलाई धन्यवाद ज्ञापन गर्दछु ।

**(टंकमणि शर्मा दंगाल)**

२०७९ आषाढ **महालेखापरीक्षक**

महालेखापरीक्षकको कार्यालय
Office of the Auditor General
अनामनगर, काठमाडौं, नेपाल
Anamnagar, Kathmandu, Nepal

(बागमती प्रदेश लेखापरीक्षण महानिर्देशनालय)

पत्र संख्याः २०७८।७९
च.नं. ६७५

मितिः २०७९।३।२६

विषयः लेखापरीक्षण प्रतिवेदन ।

श्री नगर प्रमुखज्यू,
थाहा नगरपालिका, मकवानपुर ।

**कैफियत सहितको राय**

हामीले यस नगरपालिकाको आर्थिक वर्ष २०७७/७८ को वित्तीय विवरण र त्यससँग सम्बन्धित अन्य विवरण तथा लेखा टिप्पणीहरूको लेखापरीक्षण गरेका छौं ।

हाम्रो रायमा, यस प्रतिवेदनको कैफियत सहितको राय व्यक्त गर्ने आधार खण्डमा उल्लेख भएका विषयले पार्ने असर बाहेक, पेस भएको २०७८ आषाढ ३१ मा समाप्त भएको आर्थिक वर्ष २०७७/७८ को वित्तीय विवरण र त्यससँग सम्बन्धित अन्य विवरणले स्थानीय तहसँग सम्बन्धित प्रचलित कानुनबमोजिम सारभूतरूपमा सही तथा यथार्थ अवस्था चित्रण गर्दछ।

**कैफियत सहितको राय व्यक्त गर्ने आधार**

१. यस नगरपालिकाले महालेखापरीक्षकबाट स्वीकृत नेपाल सार्वजनिक क्षेत्र लेखामानको ढाँचा पूर्णरुपमा प्रयोग गरी वित्तीय विवरण तयार गरेको छैन ।
२. लेखापरीक्षणबाट रू.६ करोड २५ लाख २५ हजार बेरुजू देखिएको छ। सो मध्ये असुल गर्नुपर्ने रू.३ करोड २३ लाख ९ हजार, प्रमाण कागजात पेस गर्नुपर्ने रू.६५ लाख २२ हजार, नियमित गर्नुपर्ने रू.२८ लाख ४ हजार र पेश्की रू.२ करोड ८ लाख ९० हजार रहेको छ ।पालिकाको गत वर्षसम्मको ९० लाख ६ हजार बेरुजु बाँकी रहेकोमा यसवर्ष सम्परीक्षणबाट फछ्र्यौट रु. १ लाख ६२ हजार एवं यो वर्ष कायम भएको बेरुजू समेत हालसम्मको अद्यावधिक बेरुजु रु. ७ करोड १३ लाख ६९ हजार रहेको छ । यस पालिकाको **बेरुजू वर्गीकरण र अद्यावधिक बेरुजू स्थिति यसैसाथ संलग्न छ ।**
३. यस नगरपालिकाको लेखापरीक्षणबाट स्रोत र साधनको प्राप्तिको प्रक्षेपण यथार्थपरक नभएको, असुली लक्ष्यअनुसार नभएको, कर्मचारीको दरबन्दीअनुसार पदपूर्ति नभएका कारण विकास निर्माण र सेवा प्रवाहमा प्रभावकारिता नआएको, अनुदानको पर्याप्त अनुगमन नभएको, वितरणमुखी कार्यक्रम सञ्चालन गरेको, आन्तरिक नियन्त्रण प्रणाली कमजोर रहेको लगायतका व्यहोरा लेखापरीक्षण प्रतिवेदनमा औंल्याइएको छ। कार्यालयबाट सम्प्रेषित लेखापरीक्षणको प्रारम्भिक प्रतिवेदन यसको अङ्गको रुपमा रहेको छ ।
४. आम्दानी तथा खर्चको स्रेस्ता नगदमा आधारित लेखा प्रणाली अवलम्बन गरेकोले पालिकाको पेश्की बाहेक सम्पत्ति तथा दायित्व यकिन हुने कुनै जानकारी खुलाएको छैन ।

हाम्रो लेखापरीक्षण कार्य नेपालको संविधान, लेखापरीक्षण ऐन तथा महालेखापरीक्षकको कार्यालयले अवलम्वन गरेका सरकारी लेखापरीक्षण मानदण्ड, मार्गदर्शन तथा लेखापरीक्षणसँग सम्बन्धित अन्य प्रचलित कानूनबमोजिम गरिएको छ । वित्तीय विवरण तयार गर्ने स्थानीय तहसँग हामी स्वतन्त्र छौं। त्यसैगरी स्वीकृत आचारसंहिताको पालना गरी कार्यसम्पादन गरेका छौं ।लेखापरीक्षणको क्रममा प्राप्त गरेका लेखापरीक्षण प्रमाणहरू हाम्रो राय व्यक्त गर्ने आधारका लागि पर्याप्त र उपयुक्त छन् भन्ने कुरामा कार्यालय विश्वस्त छ।

**वित्तीय विवरण उपर व्यवस्थापन र लेखाउत्तरदायी अधिकारीको जिम्मेवारी**

आर्थिक कार्यबिधि तथा वित्तीय उत्तरदायित्व ऐन, २०७६ र स्थानीय सरकार सञ्चालन ऐन, २०७४ तथा अन्य प्रचलित कानुन बमोजिम सही र यथार्थ हुने गरी वित्तीय विवरण तयार गर्ने तथा जालसाजी वा अन्य गल्तीका कारण वित्तीय विवरण सारभूतरूपमा गलत आँकडा रहित स्वरूपमा बन्ने गरी आवश्यक आन्तरिक नियन्त्रण प्रणाली लागू गर्ने जिम्मेवारी पालिका व्यवस्थापनमा रहेको छ।नगर कार्यपालिका, नगर प्रमुख र प्रमुख प्रशासकीय अधिकृत नगरपालिकाको वित्तीय प्रतिवेदन प्रक्रियाको अनुगमनका लागि जिम्मेवार रहेका छन्।

**वित्तीय विवरणको लेखापरीक्षण उपर लेखापरीक्षकको जिम्मेवारी**

वित्तीय प्रतिवेदन समग्रमा जालसाजी वा अन्य गल्ती समेतका कारण सारभूतरूपमा गलत आँकडा रहित होस् भनी उचित आश्वस्तता प्राप्त गरी राय सहितको लेखापरीक्षण प्रतिवेदन जारी गर्नु लेखापरीक्षणको उद्देश्य हो।लेखापरीक्षणमा उचित आश्वस्तताले सामान्य स्तरको आश्वस्ततासम्म प्रदान गरेको हुन्छ, तर लेखापरीक्षण ऐन तथा महालेखापरीक्षकको कार्यालयले अवलम्वन गरेका नेपाल सरकारी लेखापरीक्षण मानदण्ड, मार्गदर्शन तथा लेखापरीक्षणसँग सम्बन्धित अन्य प्रचलित कानुनबमोजिम गर्ने लेखापरीक्षण सम्पादन भएकै अवस्थामा पनि सबै प्रकारका जालसाजीजन्य वा अन्य गल्ती पत्ता लगाउन सक्ने निश्चितता भने हुँदैन। वित्तीय विवरणका उपयोगकर्तालै सामान्यतया गर्ने आर्थिक निर्णयमा नै फरक पार्न सक्ने अवस्था देखिएका एउटै वा समग्रतामा हुने विशेष वा जालसाजीजन्य वा अन्य गल्तीलाई सारभूतरूपमा गलत आँकडा मानिएको छ।

(त्रिलोचन आचार्य)
नायब महालेखापरीक्षक

Phone: 4258174, 4266034, A.G. Fax: 977-1-4268309, Fax: 977-1-4262798, Post Box:13328
Email : aag.mgmt@oagnep.gov.np,Info@oag.gov.np Website : www.oag.gov.np

# थाहा नगरपालिका, मकवानपुर

## बेरुजु वर्गीकरण (विनियोजन, राजस्व, धरौटी र अन्य कारोबार)

## २०७७।७८

*(रु. हजारमा)*

| प्रारम्भिक बेरुजु | | | प्रतिक्रियाबाट फछ्र्यौट | | | बाँकी बेरुजु | | | बेरुजु | | | | | | |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| | | | | | | | | | | नियमित गर्नुपर्ने | | | | | पेस्की |
| दफा संख्या | | | दफा संख्या | | | दफा संख्या | | | | | | | | | |
| सैद्धान्तिक | लगती | रकम | सैद्धान्तिक | लगती | रकम | सैद्धान्तिक | लगती | रकम | असुल गर्नुपर्ने | अनियमित भएको | प्रमाण कागजात पेश नभएको | राजस्व लगत जिम्मेवारी नसारेको | सोधभर्ना नलिएको | जम्मा | |
| ४० | ४० | ६२५२५ | ० | ० | ० | ४० | ४० | ६२५२५ | ३२३०९ | २८०४ | ६५२२ | ० | ० | ९३२६ | २०८९० |

## अद्यावधिक बेरुजू स्थिति

## २०७७।७८

*(रु. हजारमा)*

| जिल्ला | गत वर्ष सम्मको बाँकी | समायोजन | यो वर्षको फछ्र्यौट | बाँकी बेरुजू | यो वर्ष सम्परीक्षणबाट कायम बेरुजु | यो वर्षको बेरुजु | कुल बेरुजु बाँकी |
|---|---|---|---|---|---|---|---|
| मकवानपुर | ९००६ | ० | १६२ | ८८४४ | ० | ६२५२५ | ७१३६९ |

# आर्थिक कारोबारको स्थिति

आर्थिक बर्ष: २०७७/७८

कार्यालय र स्थान : थाहा नगरपालिका, मकवानपुर , थाहा नगरपालिका , मकवानपुर

| पद | नाम | कार्यकाल सुरु मिति | कार्यकाल समाप्त मिति |
|---|---|---|---|
| कार्यालय प्रमुख | हरिलाल पुरी | २०७४-६-१० | हाल सम्म कार्यरत |
| लेखा प्रमुख | Bishnu Bhusal | २०७६-४-१६ | |
| | | **बेरुजु रकम** | ६२,५२४,९६१ |

स्थानीय तह :

| **गत बर्षको जिम्मेवारी** | | २१,६०,०४,०४४.६५ | |
|---|---|---|---|
| **आम्दानी** | | **खर्च** | |
| **संघीय सरकारबाट अनुदान** | ४३,०८,१७,०८० | **चालु खर्च** | ४४,२८,९२,८९८.४४ |
| **प्रदेश सरकारबाट अनुदान** | ६,८२,५३,००० | **पूँजीगत खर्च** | ३६,१२,८२,७३१ |
| **राजश्व बाँडफाँट** | ० | **वित्तीय/अन्य व्यवस्था** | २,४९,००,३२६ |
| **आन्तरिक आय** | २१,२७,५५,८९५.६३ | | |
| **अन्य आय** | ३,६१,७७,४६९ | | |
| **कुल आय** | ७४,८०,०३,४४४.६३ | **कुल खर्च** | ८२,९०,७५,९५५.४४ |
| **बाँकी मौज्दात** | | १३,४९,३१,५३३.८४ | |

| क्रम | भौचर नम्बर | भौचर मिति | बिषय | बेरुजु रकम |
|---|---|---|---|---|
| १ | | | **परीचय**<br>परिचयः स्थानीय नेतृत्वको विकास गर्दै स्थानीय शासन पद्धती सुदृढ गरी स्थानीय तहमा विधायिकी कार्यकारिणी र न्यायिक अभ्यास संस्थागत गर्न र स्थानीय सरकारको सञ्चालन गर्ने उद्देश्यले नेपालको संविधान २०७२ अनुसार यस नगरपालीकाको स्थापना भएको हो । स्थानीय सरकारले सञ्चालन गर्ने कार्यमा सहकारिता, सहअस्तित्व र समन्वयलाई प्रवर्द्धन गर्नु र स्थानीय सरकारका काममा जनसहभागिता, उत्तरदायित्व, पारदर्शिता सुनिश्चितता गर्दै गुणस्तरिय सेवा प्रदान गर्दै जनतालाई प्रत्यक्ष लाभ पुग्ने सामाजिक,आर्थिक एवं भौतिक क्रियाकलाप सञ्चालन गर्नु स्थानीय तहको मुख्य उद्देश्य रहेको छ । वागमती प्रदेशमा अवस्थित ४७६७१ जनसंख्या रहेको यो नगरपालिका अन्तर्गत १२ वडा वाट ।६५ नगरसभा रहेका छन् । नगरपालिकाले थाहा नगरको आधार कृषि, पर्यटन र पूर्वाधार भन्ने लक्ष्य तह गरेको छ । | |
| २ | | | **स्थानीय संचितकोष**<br>स्थानीय संचित कोषः स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा ६९ र ७२ वमोजिम नगरपालिकाले प्राप्त गरेको आय अनुदान तथा सहायता र स्थानीय सरकार सञ्चालनमा भएका आय-व्यय हिसावको आर्थिक वर्ष २०७७।७८ को कोषको संक्षिप्त अवस्था निम्न वमोजिम रहेको छ । | |

| विवरण | यस वर्ष रु | | | गत पर्ष रु | |
|---|---|---|---|---|---|
| | बजेट | आफैले गरेको प्राप्ति/ भुक्तानी | जम्मा | आफैले गरेको प्राप्ति/ भुक्तानी | जम्मा |
| प्राप्ती (क+ख) | ७४१७२३७६७.८ | ७४८००३४४४.६३ | ७४८००३४४४.६३ | ८९०६१३०५७.५९ | ८९०६१३०५७.५९ |
| क. प्राप्ति (सचितकोषमा आम्दानी बाँधिने) | ७१३०८९७७६.८ | ७११८२५९७५.६३ | ७११८२५९७५.६३ | ६४७४७६९७४.२६ | ६४७४७६९७४.२६ |
| ११००० कर | १६६०००५४० | १८५६७५४४९.९८ | १८५६७५४४९.९८ | ११८६८९७९१.८७ | ११८६८९७९१.८७ |
| १३००० अनुदान | ४९९६४४०८० | ४९९०७००८० | ४९९०७००८० | ४१७०२५७५० | ४१७०२५७५० |
| सघीय सरकार | ४३१३९१०८० | ४३०८१७०८० | ४३०८१७०८० | ३६४१९१७५० | ३६४१९१७५० |
| प्रदेश सरकार | ६८२५३००० | ६८२५३००० | ६८२५३००० | ५२८३४००० | ५२८३४००० |
| १४००० अन्य राजस्व | ४७४४५१५६.८ | २७०८०४४५.६५ | २७०८०४४५.६५ | १००४७२११५.१४ | १००४७२११५.१४ |
| ख. अन्य प्राप्ति | २८६३३९९१ | ३६१७७४६९ | ३६१७७४६९ | २४३१३६०८३.३३ | २४३१३६०८३.३३ |
| वितरण गर्न बाकी राजस्व | ० | ० | ० | ० | ० |
| | | | | | |

| क्रम | भौचर नम्बर | भौचर मिति | बिषय | | | | | | | | बेरुजु रकम |
|---|---|---|---|---|---|---|---|---|---|---|---|
| | | | | कोषहरु | २८६३३९९१ | २७८७०७७८ | २७८७०७७८ | २०९७८६७८.३३ | २०९७८६७८.३३ | | |
| | | | | धरौटी | ० | ८३०६६९१ | ८३०६६९१ | ४१३५४३१ | ४१३५४३१ | | |
| | | | | सघीय प्रदेश सरकार वा अन्य कार्यक्रम | ० | ० | ० | २१८०२१९७४ | २१८०२१९७४ | | |
| | | | | भुक्तानी (ग+घ) | ९५१०५३४५७.४५ | ८२९०७५९५५.४४ | ८२९०७५९५५.४४ | ९२३६००६६४.९४ | ९२३६००६६४.९४ | | |
| | | | | ग. भुक्तानी सञ्चित कोषबाट | ९२२४१९४६६.४५ | ८०४१७५६२९.४४ | ८०४१७५६२९.४४ | ६८५६२४८११.९४ | ६८५६२४८११.९४ | | |
| | | | | २१००० पारिश्रमिक/सुविधा | २३९२७८०८० | २१८७३६९६१.२३ | २१८७३६९६१.२३ | २०८१४६९३८.६७ | २०८१४६९३८.६७ | | |
| | | | | २२००० मालसामान तथा सेवा उपयोग | १४२६६६०४० | ११३७१८०४२.२१ | ११३७१८०४२.२१ | ७२१५४४१७.५ | ७२१५४४१७.५ | | |
| | | | | २५००० सहायता(Subsidy) | ८३६६७००० | ७३८८२७०० | ७३८८२७०० | ३०१५२७३८ | ३०१५२७३८ | | |
| | | | | २६००० अनुदान | ७७३००० | ६८०४३३ | ६८०४३३ | ५२६६०७० | ५२६६०७० | | |
| | | | | २७००० सामाजिक सुरक्षा | ३५५०००० | ३३१६६०० | ३३१६६०० | ७५०८३०१ | ७५०८३०१ | | |
| | | | | २८००० अन्य खर्च | ३३०६४२१६.४५ | ३२५५८१६२ | ३२५५८१६२ | ८३५२१५४ | ८३५२१५४ | | |
| | | | | ३१००० गैर वित्तीय सम्पत्ती/ पूँजीगत खर्च | ४१९३२११३० | ३६१२८२७६१ | ३६१२८२७६१ | ३५४०४४१९२.७७ | ३५४०४४१९२.७७ | | |
| | | | | ३३००० दायित्व | १००००० | ० | ० | ० | ० | | |
| | | | | घ. अन्य भूक्तानी | २८६३३९९१ | २४९००३२६ | २४९००३२६ | ९२३६००६६५ | ९२३६००६६५ | | |
| | | | | कोषहरु | २८६३३९९१ | २४०५८४५४ | २४०५८४५४ | १८४०६६८४ | १८४०६६८४ | | |
| | | | | धरौटी | ० | २४०७५८० | २४०७५८० | १५४७१९५ | १५४७१९५ | | |
| | | | | सघीय प्रदेश सरकार वा अन्य | ० | ० | ० | २१८०२१९७४ | २१८०२१९७४ | | |

| क्रम | भौचर नम्बर | भौचर मिति | बिषय | | | | | | | | बेरुजु रकम |
|---|---|---|---|---|---|---|---|---|---|---|---|

| | | | | | |
|---|---|---|---|---|---|
| कार्यक्रम | | | | | |
| कट्टी रकम भुक्तानी/दाखिला गर्न बाकी | | -१५६५७०८ | -१५६५७०८ | | |
| ङ. यो वर्षको बचत(न्युन) | -२०९३२९६८९.६५ | -८१०७२५१०.८१ | -८१०७२५१०.८१ | -३२९८७६०७.३५ | -३२९८७६०७.३५ |
| च. गतवर्षको जिम्मेवारी रकम (अ.ल्या) | | २१६००४०४४.६५ | २१६००४०४४.६५ | १६९३७४५६७.७५ | १६९३७४५६७.७५ |
| वर्षान्तको बाकी रकम(ङ+च) | -२०९३२९६८९.६५ | १३४९३१५३३.८४ | १३४९३१५३३.८४ | १३६३८६९६०.४ | १३६३८६९६०.४ |

उक्त आर्थिक कारोवारमा अन्तर सरकारी बित्तीय हस्तान्तरणको CGAS बाट संघ तथा प्रदेश सरकारवाट भएको देहाय अनुसारको कारोवार समावेश भएको छैन । यस पालिकाले समग्र आर्थिक कारोवार समेटीने गरी एकिकृत बित्तीय विवरण तयार गर्नुपर्दछ ।

| सि नं | बजेट उपशीर्षक | अन्तिम बजेट | निकाशा तथा खर्च | बजेट बाकी |
|---|---|---|---|---|
| १ | स्थानीय पुर्वाधार बिकास साझेदारी कार्यक्रम | ५९४६००० | ३८५०००७ | २०९५९९३ |
| 2 | एकिकृत स्वास्थ्य बिकास कार्यक्रम | १००००००० | ९९०१२२३ | ९८७७७ |
| 3 | राष्ट्रिय सूचना व्यवस्थापन तथा अनुगमन आयोजना | ६८०००० | ० | ६८०००० |
| 4 | सामाजिक सुरक्षा तथ संरक्षण | १२३९४८००० | १२३९४८००० | ० |
| | | १४०५७४००० | १३७६९९२३० | २८७४७७० |
| 1 | प्रदेश पूर्वाधार बिकास साझेदारी कार्यक्रम | ८५००००० | ८४४१९२४ | ५८०७६ |
| | | १४९०७४००० | १४६१४११५४ | २९३२८४६ |

| क्रम | भौचर नम्बर | भौचर मिति | बिषय | बेरुजु रकम |
|---|---|---|---|---|
| | | | | |
| ३ | | | **आन्तरिक नियन्त्रण प्रणालीः**<br>स्थानीय सरकार सञ्चालन ऐन २०७४ को दफा ७८ वमोजिम आन्तरिक नियन्त्रण प्रणाली तयार गरि लागु गर्नुपर्नेमा लागु गरेको पाईएन। यस सम्वन्धमा देखिएका अन्य व्यहोराहरु तपशिल वमोजिम रहेका छन ।<br>• स्थानीय सरकार सञ्चालन ऐन २०७४ को दफा ११ अनुसार आफ्नो क्षेत्रभित्रको आधारभुत तथ्यांक संकलन, अभिलेखांकन र व्यवस्थापन गर्नुपर्ने सो गरेको पाईएन ।<br>• · नगरपालिकाले एक आर्थिक वर्षको अन्त्य भित्र भएको आफ्नो आर्थिक कारोवारको अनुसुची १४ वमोजिम ढाँचामा वार्षिक प्रतिवेदन तयार गरेको पाईएन ।<br>• · नगरपालिकाले कार्यक्रमगत तथा योजनागत खाता राखेको पाईएन । साथै पालिकाबाट यस वर्ष सञ्चालित कार्यक्रम तथा योजनाको कार्यान्यवयन र सेवा प्रवाह समेतको वार्षिक कार्यक्रम अनुसारको प्रगति तयार गरेको पाईएन।<br>• · कार्यालयको श्रेस्ता र वैक विचको हिसाव फरक परे वा नपरेको सम्वन्धमा वैक हिसाव मिलान विवरण तयार नगरेको कारण हिसाव मिलान भए नभएको सम्वन्धमा यकिन गर्न सकिएन ।<br>• अन्तर सरकारी वित्त व्यवस्थापन ऐन, २०७४ को दफा १७ बमोजिमको मध्य कालीन खर्च संरचना तयार गर्नु पर्नेमा नगरपालिकाले सो बमोजिम मध्य कालीन खर्चको संरचना तयार गरेको पाईएन ।<br>• स्थानीय तह सञ्चालन ऐन, २०७४ को दफा ६५, ६६ र ६७ मा क्रमशः स्थानीय राजस्व परामर्श समिति, स्रोत अनुमान र बजेट सीमा निर्धारण समिति र बजेट तथा कार्यक्रम तर्जुमा समिति रहने व्यवस्था गरेकोमा पालिकाले उक्त समिति गठन गरेको पाईएन।<br>• नगरपालिकाले जिन्सी सामानको एकीकृत विवरण तथा सहायक जिन्सी खाता अध्यावधिक नगरी वडा कार्यालय तथा विभिन्न संघ संस्थालाई वितरण गरेको पाईयो ।<br>• वडा कार्यालयमा रहेका जिन्सी समान सहितको अभिलेख देखिने गरी पालिकाको मूल जिन्सी खाता अध्यावधिक गरेको पाईएन ।<br>• जिन्सी निरिक्षण प्रतिवेदनमा उल्लेख भए अनुसार विभिन्न मालसामान मर्मत तथा लिलाम गर्नु पर्नेमा गरेको पाईएन ।<br>• मुल्य अभिवृद्धि कर नियमावली २०५३ को नियम ६ क मा ठेक्का सम्झौता र कर भुक्तानीको जानाकारी सम्वन्धित आन्तरिक राजस्व कार्यालयलाई नदिई आर्थिक वर्षको अन्तमा मात्र दिइएको तथा इ टीडिएस गरेको देखिएन ।<br>• नगरपालिकाले उद्देश्य प्राप्तिमा आइपर्ने सम्भावित जोखिमहरु पहिचान गरि निराकरणको प्रयास गरेको अभिलेख राखेको देखिएन।<br>• कुनै रकम रकमको भुक्तानी दिँदा रित पुगेको वा नपुगेको जाँच गरी रसिद विल भर्पाइहरूमा सिलसिलेवार नम्वर राखि कार्यालय प्रमुखले तोकेको कर्मचारीले भुक्तानी भएको जनाउने छाप समेत लगाई दस्तखत गरी प्रमाणित गर्नुपर्नेमा सो अनुसार गरेको पाईएन।<br>• सार्वजनिक खरिद नियमावलि २०६४ को नियम ७ र ८ मा खरिदको गुरूयोजना र वार्षिक खरिद योजना तयार गर्नुपर्नेमा तयार गरेको पाईएन।<br>• स्थानीय सरकार सञ्चालन ऐन २०७४ को दफा १३ वमोजिम आर्थिक वर्ष शुरू हुनुभन्दा पन्ध्र दिन अवागै नगरपालिकाले आफ्नो क्षेत्रभित्रको निर्माण सामाग्री मूल्य, ज्याला, भाडा तथा अन्य महशुलको स्थानीय न्युनतम दररेट तोक्नु पर्नेमा तोकेको पाईएन।<br>• ठेक्काहरूको विस्तृत विवरण देखिने गरि ठेक्का खाता र कन्टिन्जेन्सी खाता राखेको पाईएन। साथै ठेक्का फाइल समेत अद्यावधिक देखिएन ।<br>• स्थानीय सरकार सञ्चालन ऐन २०७४ को दफा ७४(२) अनुसार सार्वजनिक खरिद नियमावली वनाई लागु गर्न सक्ने व्यवस्था भएकोमा वनाएको पाईएन ।<br>• सार्वजनिक खरिद नियमावली २०६४ को नियम ९७ अनुसार यस वर्ष कार्यसम्पन्न भएका आयोजना तथा कार्यक्रमहरू उपभोक्ता समितिलाई हस्तान्तरण गर्नुपर्नेमा गरेको पाईएन । | |

| क्रम | भौचर नम्बर | भौचर मिति | बिषय | बेरुजु रकम |
|---|---|---|---|---|
| | | | • संस्था दर्ता ऐन, २०३४ दफा ३ नगरपालिकाबाट संचालन भएका विभिन्न योजना निर्माण कार्य गर्न सम्झौता गठन गरेका उपभोक्ता समिति ऐनको उक्त व्यवस्था अनुसार मान्यता प्राप्त हुने गरी दर्ता गरेको पाइएन।<br>• वातावरणको संरक्षणको एकिकृत दीर्घकालिन योजना तयार गरेको देखिएन ।<br>• नगरपालिकाको विकास निर्माण व्यवस्थापन तथा सेवा प्रवाहाका लागि आवश्यक प्राविधिक तथा प्रशासनिक कर्मचारीको अभाव रहेको पाईयो ।<br>• सुशासन व्यवस्थापन तथा सञ्चालन नियमावली २०६५ अनुसार नागरिक वडापत्रमा उल्लेखित सेवाहरुको कार्यान्वियन स्थिती अनुगमन गर्न अनुगमन संयन्त्र तय गरेको पाईएन ।<br>• निजामती सेवा ऐन २०४९ वमोजिम कार्य विवरण वनाई लागु गरेको पाईएन ।<br>• निजामती सेवा ऐन २०४९ को दफा ७ ख २ वमोजिम तलवि प्रतिवेदन पारित गराएर मात्र तलव भत्ता भुक्तानी गर्नुपर्नेमा कार्यालयले तलवी प्रतिवेदन पारित नगरि खर्च लेखेको पाईयो ।<br>• मन्त्रालयको मिति २०७३।१२।२५ को परिपत्र अनुसार यस पालिकामा समाहित भएका साविकका गाँउ विकास समिति को नाममा रहेका पेश्की तथा वेरुजुको लगत तयार गरेको पाईएन ।<br>• तसर्थ नगरपालिकाले आन्तरिक नियन्त्रण प्रणालीलाई तोकीए बमोजिम प्रभावकारी र विश्वशनीय बनाइ सेवा प्रवाह सुदृढ बनाउने तर्फ ध्यान दिनुपर्ने देखिन्छ । | |
| ४ | | | **कानूनको निर्माण एवं कार्यान्वयनको स्थिति**<br>कानून र सञ्चालन स्थिति– स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा १०२ अनुसार स्थानीय तहहरूले आफ्नो अधिकार क्षेत्रभित्रका विषयमा ऐन तथा सोको अधिनमा रही नियम निर्देशिका, कार्य विधि र मापदण्ड बनाई कार्यान्वयनमा ल्याउन सक्ने व्यवस्था छ।जस अनुसार स्थानीय तह सञ्चालनको लागि संघीय मामिला तथा सामान्य प्रशासन मन्त्रालयबाट ४२ नमूना कानूनहरू बनाई उपलब्ध गराएकोमा यस पालिकाले हालसम्म ११ वटा ऐन, ३८ वटा कार्यविधि निर्माण गरी कार्यान्यनमा ल्याएको छ।साथै पालिकाले ४५ वटा कानूनहरू निर्माण गरी सभा।कार्यपालिकाबाट स्वीकृत गरेता पनि उक्त कानूनहरू राजपत्रमा प्रकाशन गरेको छैन्।तसर्थ उक्त कानूनहरू राजपत्रमा प्रकाशन गरी कार्यान्वयनमा ल्याउनु पर्दछ। | |

<table>
<tr><th>क्रम</th><th>भौचर नम्बर</th><th>भौचर मिति</th><th>बिषय</th><th>बेरुजु रकम</th></tr>
<tr><td>५</td><td></td><td></td><td>सेवा प्रवाहः<br>नगरपालिकाले यस आर्थिक वर्षमा निम्नानुसार सेवा प्रबाह गरेको विवरण प्राप्त भएको छ ।
<table>
<tr><th>क्र.स</th><th>विवरण</th><th>संख्या</th></tr>
<tr><td>१</td><td>नागरिकता सिफरिस</td><td>१११४</td></tr>
<tr><td>२</td><td>घरबाटो सिफारिस</td><td>९८९</td></tr>
<tr><td>३</td><td>नाता प्रमाणित</td><td>७४८</td></tr>
<tr><td>४</td><td>जन्म दर्ता</td><td>९७६</td></tr>
<tr><td>५</td><td>मृत्यु दर्ता</td><td>४७२</td></tr>
<tr><td>६</td><td>घरनक्सा पासको निवेदन</td><td>८८</td></tr>
<tr><td>७</td><td>अन्य</td><td>११३४४</td></tr>
</table></td><td></td></tr>
<tr><td>६</td><td></td><td></td><td>बित्तीय बिवरणा</td><td></td></tr>
<tr><td>६.१</td><td>२४०</td><td>२०७८-३-१८</td><td>स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा ९१ बमोजिम स्थानीय तहले स्थानीय सेवाका आफ्नो दरबन्दीमा कार्यरत प्रत्येक कर्मचारीले खाईपाई आएको मासिक तलबबाट १० प्रतिशत रकम कट्टा गरी सो रकम बराबरले हुन आउने रकम थप गरी अवकाश कोषमा जम्मा गर्नुपर्ने व्यवस्था छ । यस पालिकाले तदनुसार कट्टी र दाखिला नगरी नगरपालिका चालु शीर्षकवाट रु १००००००। दशलाख कर्मचारी कल्याण कोषमा दाखिला गरेको छ । उक्त व्यवस्था बिपरीत कर्मचारीकोषमा रकम दाखिला गरेको अनियमित देखिएको रु</td><td>१,०००,०००</td></tr>
</table>

| क्रम | भौचर नम्बर | भौचर मिति | बिषय | बेरुजु रकम |
|---|---|---|---|---|
| ६.२ | | | **विवरण**- स्थानीय सरकार संचालन ऐन, २०७४ को दफा ७२ मा गाउपालीका तथा नगरपालिकाले प्रत्येक वर्षको साउन १ गते देखि आगामी वर्षको आषाढ मसान्त सम्मको अवधिलाई आर्थिक वर्ष कायम गरी आय र व्ययको हिसाव राख्नु पर्दछ । सोही ऐनको दफा ६९ मा तोकिए अनुसार नगरपालिकाले आफ्नो आर्थिक कार्य प्रणालीको व्यवस्थापन गर्नु पर्दछ । यस पालिकाले सवै बैंक मौज्दात रकम आर्थिक वर्षको अन्तको दिनको लिने गरेको छैन र आर्थिक कार्य प्रणाली व्यवस्थापन गर्न नगरपालिकाले आर्थिक नियमावली बनाई नसकेकोले संघीय कानूनलाई नै आर्थिक कार्य प्रणालीको व्यवस्थापनको आधार लिएको छ ।<br>**स्वीकृत ढाँचा** – स्थानीय सरकार संचालन ऐन, २०७४ को नियम ७२(२) मा नेपाल सरकारले निर्धाण गरे वमोजिमको आय र व्ययको वर्गिकरण तथा खर्च शिर्षक सम्वन्धि व्यवस्था अवलम्वन गर्नु पर्ने तथा नियम ७६ (२) मा महालेखा परीक्षकबाट स्वीकृत भए वमोजिमको ढाँचामा लेखा राख्नु पर्ने व्यवस्था गरेकोमा यस नगरपालिकाले २०७६।२।१९ मा महालेखा परीक्षकबाट स्वीकृत भएको ढाँचामा प्रतिवेदन तथा लेखाकंन गरेको छ । तर अनुसूची तथा खुलासा (Disclosure) हरु पूर्ण रुपमा लेखाकिंत र प्रस्तुतीकरण भएको छैन । यसमा सुधार हुनु पर्दछ । यस सम्वन्धमा देखिएका व्यहोरा दफागत रुपमा यस प्रतिवेदनमा प्रस्तुत गरिएको छ ।<br><br>**राजस्व बांडफांड**- पालिकाले रिपोर्ट २ मा देखाएको प्रदेश सरकारवाट राजस्व बांडफांडवाट प्राप्त रु ४४१०४३१९।५२ र केन्द्रीय सरकार**वाट** राजस्व बांडफांडवाट प्राप्त रु ९६६४५५७४।३६ समेत रु १४०७४९८९३।८८ लाइ बित्तीय प्रतिवेदन म ले प फा न २७२ को प्राप्ती तर्फ देखाएको छैन । सो रकमले पालिकाको समग्र बचतमा समेत असर पर्ने हुंदा सो रकम कुन शीर्षकमा समावेश भएको छ , स्पष्ट गर्नुपर्ने देखिन्छ । | |

| क्रम | भौचर नम्बर | भौचर मिति | बिषय | बेरुजु रकम |
|---|---|---|---|---|
| ६.३ | | | **जिम्मेवारी फरक** – स्थानीय तहको संचित कोषमा गत विगतको वांकी, यस वर्ष प्राप्त र खर्च भएको रकम स्पष्ट देखिने गरी हिसाव राख्ने र जिम्मेवारी एकिन गर्नु पर्दछ । गत वर्षको लेखापरीक्षण प्रतिवेदन अनुसार गत वर्षको अन्त्यमा रु.१३६३८६३९१।४० मौज्दात कायम भएकोमा यो वर्षको शुरुमा रु.२१६००४०४४।६५ जिम्मेवारी सारी रु.७९६१७६५३।२५ बढी जिम्मेवारी सारेको देखियो । गत वर्ष यस्तो जिम्मेवारी फरक रु.३९१९३०००।– हिसाव मिलान गर्नु पर्नेमा नगरी यस वर्ष यस्तो रकममा वृद्धि भई रु.७९६१७६५३।२५ पुगेको छ । यसले फरक रकमको वास्तविकता पहिचान गरी जिम्मेवारी यथार्थपरक वनाइनु पर्दछ ।<br>**मौज्दात फरक** – प्रस्तुत स्थानीय संचित कोष व्यवस्थापन प्रणाली ढाँचा अन्तर्गत प्रतिवेदनको म.ले.प.फा.नं.२७२ वित्तीय प्रतिवेदनमा यस वर्षको आय रु.७४८००३४४४।६३ मा गत वर्षको मौज्दात कार्यालयका अनुसार रु.२१६००४०४४।१५ समेत जम्मा रु.९६४००७४८९।२८ मा कूल भुक्तानी रु.८२९०७५९५५।४४ घटाउदा वचत रु.१३४९३१५३३।८४ देखिन्छ भने स्थानीय संचित कोष व्यवस्थापन प्रणाली ढाँचाको स्थानीय तहहरुको एकीकृत वित्तीय विवरणले (रिपोर्ट-१) र संचित कोषको अवस्था अनुसूची-१० वमोजिम अन्तिम मौज्दात रु.१०८०२१०००।– देखाएको छ । यसरी संचित कोष व्यवस्थापन प्रणालीको दुई वटा उप प्रणालीको प्रतिवेदनको मौज्दात रु.२६९१०५३३।८४ फरक देखिएको कारण कार्यालयबाट स्पष्ट हुन सकेन । यस्तो फरक रकम पत्ता लगाई वित्तीय विवरण अद्यावधिक गरिनु पर्दछ ।<br>**वैंक हिसाव मिलान** – स्थानीय तह सरकार संचालन ऐन, २०७४ को दफा ७६ (२) वमोजिम स्थानीय तहले आफ्नो कारोवारको लेखा महालेखा नियन्त्रक कार्यालयको शिफारिसमा महालेखा परीक्षकको कार्यालयबाट स्वीकृत भएको ढाँचामा राख्नु पर्ने र मासिक रुपमा श्रेस्ता र वैंक खाताको हिसाव मिलान विवरण तयार गर्नुपर्ने व्यवस्था अनुसार वैंक हिसाव मिलान विवरण अनुसूची-२४ तयार गरेको छैन । अनुसूची-२४ वैंक तथा नगद बाँकी अनुसूचीमा खाता अनुसार बाँकी तर्फ विभाज्य कोष खाता र राजश्व खातामा भिन्नता रु.१३९०२४१४।-, राजश्व खाता र संचित कोष खातामा भिन्नता रु.८९५९०००।– र संचित कोष खाता र खर्च खातामा भिन्नता न्यून ( ४११८०५२१।०३), केही उल्लेख नगरी न्यून (५९६००।- ) र ४ वैंक खाताको मौज्दात समेत समावेस गरी कुल खाता अनुसार वैंक मौज्दात रु.१४८६७०६१५।८४ देखाएको छ । जुन मूल वित्तीय प्रतिवेदन (२७२) को रु.१३४९३१५३३।८४ भन्दा रु.१३७३९०८२।– वढी छ । ग.४.१ स्थानीय तह संचित कोष खाता (कृ.वि.बैंक ०५०८४०११५५७३८०४९) मा खाता अनुसार वैंक मौज्दात रु.१४४८३८२८९।८४ देखिन्छ भने वैंक अनुसार रु.७५०८७३९६।५० मात्र बैंक मौज्दात देखिई घटी मौज्दात देखिएको रु. ६९१५०८९३।३४ सम्वन्धमा समेत वैंक समायोजन विवरण तयार गरी फरक परेको पुष्ट्याई पेश गरेको छैन । यसले वास्तविक खाता अनुसारको बैंक मौज्दात नदेखाउने हुंदा पालिकाको वित्तीय प्रतिवेदनले समग्रमा पालिकाको वैंक मौज्दातको चित्रण भएको छैन । पालिकाले सम्पूर्ण वैंक खाता सम्वन्धमा विशेष निरीक्षण गरी यथार्थ बैंक मौज्दात सुनिश्चित गर्नु पर्दछ । | |
| ७ | | | **बजेट तथा कार्यक्रम** | |
| ७.१ | | | बजेट पेश, पारित र अख्तियारी –स्थानीय तह संचालन ऐन, २०७४ को दफा ७१ मा स्थानीय तहले आगामी आर्थिक वर्षको राजस्व र व्ययको अनुमान कार्यपालिकाबाट स्वीकृत गराई असार १० गते भित्र पेश गर्ने र यसरी पेश भएको बजेट छलफल गरी असार मसान्त भित्र सभा बाट पारित गर्नुपर्ने व्यवस्था छ।सोही ऐनको दफा ७३ मा सभाबाट बजेट स्वीकृत भएको ७ दिन भित्र स्थानीयतहका प्रमुखले प्रमुख प्रशासकीय अधिकृतलाई बजेट खर्च गर्ने अख्तियारी प्रदान गर्नुपर्ने व्यवस्था छ । यस नगरपालिकामा उप नगर प्रमुख श्री खड्ग बहादुर गोपालीले मिति २०७७।०३।१० मा नीति तथा कार्यक्रम र वजेट पेश भई रू ८९ करोड ३१ लाख २८ हजारको बजेट सभा समक्ष पेश गरेकोमा मिति २०७७।०३।२५। मा पारित भएको छ।यसै गरी स्थानीयतहका प्रमुखले मिति २०७७।०४।०१मा प्रमुख प्रशासकीय अधिकृतलाई बजेट खर्च गर्ने अख्तियारी प्रदान गरेको देखिन्छ । | |

| क्रम | भौचर नम्बर | भौचर मिति | बिषय | बेरुजु रकम |
|---|---|---|---|---|
| ७.२ | | | अबण्डा बजेट– स्थानीय सरकार सञ्चालन ऐन, २०७४ बमोजिम स्थानीय आर्थिक अवस्था समेतको आधारमा बजेट तथा कार्यक्रमको प्राथमिकीकरणका आधार तयार गरी स्रोत अनुमान तथा सीमा निर्धारणका आधारमा अबण्डा नराखी आय–व्ययको अनुमान पेस गर्नुपर्ने व्यवस्था छ ।यस स्थानीयतहले यो बर्ष रू ४३ लाख अबण्डा राखेको छ । उक्त अबण्डा रकम कार्यपालिकाको मिति २०७७।०३।१० को निर्णयबाट चालुतर्फ रू ३ लाख र पुँजीगत तर्फ रू ४० लाख बजेट व्यवस्था गरी खर्च गरेको छ ।बजेट अबण्डमा राखी कार्यपालिकाको निर्णयबाट खर्च गर्ने प्रक्रियामा नियन्त्रण गर्नु पर्दछ। | |
| ७.३ | | | बजेट तथा कार्यक्रम तर्जुमाः स्थानीय तह सञ्चालन ऐन, २०७४ को दफा ६७ मा ४ सदस्यीय बजेट तथा कार्यक्रम तर्जुमा समिति गठन गरी आगामी वर्षको नीति तथा कार्यक्रम, कार्यक्रमको प्राथमिकीकरण, विषयक्षेत्रगत कार्यक्रम र कार्यक्रममा दोहोरोपना हुन नदिन कार्यक्रमको आपसी तादम्यता तथा परिपूरकता मिलाउने व्यवस्था छ । योजना छनौट एवं सञ्चालन गर्दा संघीय सरकार, प्रदेश सरकार अन्तर्गतका निकायबाट सञ्चालित योजना र नगरपालिकाबाट सञ्चालित योजनाबीच दोहोरोपना हुन नदिन आवश्यक समन्वय सहयोगको प्रणाली स्थापित गरी कार्य गर्नुपर्नेमा सो भए गरेको देखिएन । यस वर्ष नगरसभाबाट स्वीकृत भई बजेट विनियोजन भएका कतिपय योजनामा प्रदेश तथा केन्द्रीय वजेटवाट र कतिपय कार्यक्रममा नगरपालिकावाट समेत थप बजेट छुट्याएको देखिएबाट योजनामा बजेट दोहोरो परेको अवस्था छ । एउटै योजना तथा कार्यक्रम दोहोरो तथा तेहोरो रूपमा सञ्चालन नगरी बजेट एकै ठाउँबाट सञ्चालन गर्ने व्यवस्थाको लागि विगतको समेत अभिलेख अद्यावधिक हुन जरूरी देखिएको छ । | |
| ७.४ | | | **सून्य प्रगतिः** नगरसभाद्धारा २०७७।७८ का लागि स्वीकृत कार्यक्रम मध्ये देहायका कार्यक्रम सञ्चालन भएको पाइएन । यसरी स्वीकृत कार्यक्रम कार्यान्वयन नहुंदा सडक मर्मत संभार, मठमन्दिर संरक्षण, राहत कार्यक्रम र सूचना बैंक सञ्चालन जस्ता कार्यक्रमबाट स्थानीय लाभग्राहीले पाउने सेवा सुविधा प्रभावित भएको छ । अतः कार्यक्रम छनौट गर्दा कार्यान्वयनयोग्य नभएका कार्यक्रम छनौट नगर्ने वा छनौट गरी स्वीकृत गरिएका कार्यक्रम कार्यान्वयन हुनु पर्दछ । | |

| सि.नं. | कार्यक्रम/आयोजना/क्रियाकलापको नाम | खर्च शीर्षक | स्रोत | विनियोजन | खर्च | बिवरण |
|---|---|---|---|---|---|---|
| १ | महादेवस्थान ७ बाहिनी सडक | ३११५९ | नेपाल सरकार - समानिकरण अनुदान | ९०० | ० | थाहा नगरपालिकावडा नं.१० |
| २ | टौखेल न्हुलगाउँ बस्ती अधुरो सडक | ३११५९ | नेपाल सरकार - समानिकरण अनुदान | ९०० | ० | थाहा नगरपालिकावडा नं.१० |
| ३ | लामिडाँडा सडक स्ल्याब ढलान | ३११५९ | नेपाल सरकार - समानिकरण अनुदान | ९०० | ० | थाहा नगरपालिकावडा नं.१० |
| ४ | बाँझो जमिन व्यवस्थापन कार्यक्रम | ३११५९ | आन्तरिक श्रोत | ७०० | ० | थाहा नपा |
| ५ | भण्डारखर्क कृषि सडक | ३११५९ | नेपाल सरकार - समानिकरण अनुदान | ७०० | ० | थाहा नगरपालिकावडा नं.९ |

| क्रम | भौचर नम्बर | भौचर मिति | बिषय | | | | | | | बेरुजु रकम |
|---|---|---|---|---|---|---|---|---|---|---|
| | | | ६ | लिति शहरी स्वास्थ्य केन्द्र पुरानो भवन मर्मत संभार | ३११५९ | नेपाल सरकार - समानिकरण अनुदान | ५६ | ० | थाहा नगरपालिकावडा नं.१२ | |
| | | | ७ | हरित पार्क निर्माण थाहा १ | ३११५९ | आन्तरिक श्रोत | ५४ | ० | क्रमागत आयोजनाहरु | |
| | | | ८ | बज्रबाराहीबृहत खानेपानी सडक | ३११५९ | आन्तरिक श्रोत | ५० | ० | क्रमागत आयोजनाहरु | |
| | | | ९ | सेरिगेशन हाउस | ३११५९ | राजस्व बाँडफाँड - संघीय सरकार | ५०० | ० | थाहा नपा | |
| | | | १० | विश्वकर्मा नयाँगाउा सडक | ३११५९ | नेपाल सरकार - समानिकरण अनुदान | ५०० | ० | थाहा नगरपालिकावडा नं.४ | |
| | | | ११ | काममा आधारित राहत | ३११५९ | नेपाल सरकार - समानिकरण अनुदान | ५०० | ० | थाहा नगरपालिकावडा नं.६ | |
| | | | १२ | गैरीगाउँ ग्रामिण सडक | ३११५९ | नेपाल सरकार - समानिकरण अनुदान | ५०० | ० | थाहा नगरपालिकावडा नं.१२ | |
| | | | १३ | दोभान बम्पोडाँडा घलेगाउँ ग्रामिण सडक | ३११५९ | नेपाल सरकार - समानिकरण अनुदान | ५०० | ० | थाहा नगरपालिकावडा नं.१२ | |
| | | | १४ | पाल्चोक शिखरखेल सडक | ३११५९ | नेपाल सरकार - समानिकरण अनुदान | ४००० | ० | थाहा नगरपालिकावडा नं.६ | |
| | | | १५ | कलाँटु सडक | ३११५९ | नेपाल सरकार - समानिकरण अनुदान | ४००० | ० | थाहा नगरपालिकावडा नं.१० | |
| | | | १६ | दामन भ्यू टावर मर्मत | ३११५९ | आन्तरिक श्रोत | ४०० | ० | थाहा नपा | |
| | | | १७ | स्थानीय पर्यटन पहिचान स्तम्भ निर्माण | ३११५९ | वाग्मती प्रदेश - समानिकरण अनुदान | ४०० | ० | थाहा नपा | |
| | | | १८ | ढोकचा तसर वडा कार्यालय कल्याण प्रा.वि. भट्टीडाँडा नलिवन दामन सडक स्तरीकरण | ३११५९ | नेपाल सरकार - समानिकरण अनुदान | ३५०० | ० | थाहा नगरपालिकावडा नं.५ | |
| | | | १९ | लिती तारुका जगडाँडा सडम | ३११५९ | नेपाल सरकार - समानिकरण | ३५०० | ० | थाहा नगरपालिकावडा | |

| क्रम | भौचर नम्बर | भौचर मिति | बिषय | | | | | | बेरुजु रकम |
|---|---|---|---|---|---|---|---|---|---|

| | | | | | | |
|---|---|---|---|---|---|---|
| | | | अनुदान | | | नं.१२ |
| २० | धारापानी बारबारे सडक | ३११५९ | आन्तरिक श्रोत | ३९९ | ० | क्रमागत आयोजनाहरु |
| २१ | उन्मत्तेश्वर महादेव मन्दीर मर्मत | ३११५९ | आन्तरिक श्रोत | ३०० | ० | थाहा नपा |
| २२ | स्थानीय सरकार सूचना बैंक स्थापना (व्यवस्थित र्याक दराज) | ३११५९ | वाग्मती प्रदेश - समानिकरण अनुदान | १५० | ० | थाहा नपा |
| | | | जम्मा | २३४०९ | | |

८

**श्रोतको सुनिश्चितता**

क्षेत्रगत बजेटः नगरपालिकाको क्षेत्रगत रुपमा कुल बजेट ९२ करोड २४ लाख १९ हजार र खर्च ८० करोड ४१लाख ७६ हजारको आधारमा समग्र रुपमा ८७.१८ प्रतिशत खर्च भएकोमा क्षेत्रगत बजेट खर्च प्रगति निम्नानुसार रहेको छ ।

| क्र स | क्षेत्रगत बजेट | बजेट | खर्च रकम | खर्च प्रतिशत |
|---|---|---|---|---|
| १ | आर्थिक विकास | १४२९८७५३० | १३२४७५६१८ | ९२.६५ |
| २ | सामाजिम विकास | ३४८२६३९३० | ३०६२९४६८०.४२ | ८७.९५ |
| ३ | पूर्वाधार विकास | २६२६५०९५० | २१२४१६३९८ | ८०.४८ |
| ४ | सुशासन विकास | ७२८६८५५६.४५ | ६२८६६५०१ | ८६.२७ |
| ५ | कार्यालय संचालन तथा प्रशासनिक | ९५६४८५०० | ९११२२४३२.०२ | ९५.२७ |
| जम्मा | | ९२२४१९४६६.४५ | ८०४१७५६२९.४४ | ८७.१८ |

**श्रोत सुनिश्चतता** – आयोजनाको वहुवर्षिय ठेक्का सम्वन्धि मापदण्ड २०७६ को दफा ३ मा वहुवर्षिय ठेक्का व्यवस्थापन गर्नु अघि सम्वन्धित मन्त्रलयले राष्ट्रिय योजना आयोगको पूर्व स्वीकृति लिनुपर्ने र पूर्व स्वीकृति पश्चात् श्रोत व्यवस्थापनको सम्वन्धमा अर्थ मन्त्रालयको सहमति लिई प्रचलित कानून वमोजिम ठेक्का प्रकृया अगाडी वढाउनु पर्ने उल्लेख छ । यस नगरपालीकाको आयोजनाको वहुवर्षिय ठेक्का र श्रोत सुनिश्चितता सम्वन्धमा मापदण्ड तयार भएको ठेक्का फाईल परीक्षणको क्रममा देखिएन । यसै गरी आर्थिक कार्यविधि तथा वित्तीय उत्तरदायित्व ऐन, २०७६ को दफा १२ मा अर्थ मन्त्रालयको पूर्व स्वीकृती वेगर कुनै पनि कार्यालयले वहुवर्षिय दायित्व सिर्जना हुने गरी खर्चको प्रतिवद्धता जनाउन नहुने उल्लेख छ । प्राप्त विवरण अनुसार यस पालिकाको चालु तर्फ २४ ठेक्काको रु.६५३७१६६०।– र क्रमागत तर्फको ५ ठेक्काको रु.१०७८४३५४।– वर्षान्तमा भूक्तानी गर्न बाँकी दायित्व रहेको देखिन्छ । यसरी साल वसाली ठेक्कामा समेत भूक्तानी गर्न बाँकी देखिएकोले श्रोतको सुनिश्चितता गरी मात्र ठेक्का व्यवस्थापन गर्नु पर्ने देखिन्छ ।

| क्रम | भौचर नम्बर | भौचर मिति | बिषय | बेरुजु रकम |
|---|---|---|---|---|
| | | | | |
| ९ | | | **शसर्त अनुदान फिर्ता**<br>सःशर्त अनुदान –संघीय मामिला तथा सामान्य प्रशासन मन्त्रालयको प.सं.०७४।७५च.नं. १०६४ मिति २०७५।३।३ को सःशर्त अनुदान रकम फिर्ता सम्बन्धी विषयको पत्र अनुसार विभिन्न तीन किस्तामा स्थानीयतहमा हस्तान्तरण भएको र सःशर्त अनुदानको रकम आषाढ मसान्त सम्म खर्च हुन नसकेमा संघीय सञ्चित कोषमा दाखिला गर्नु पर्ने व्यवस्था भएको छ।यस नगरपालिकालाई संघीय सरकारबाट रू २७ करोड १२ लाख ५८ हजार र प्रदेश सरकारबाट रू २ करोड २९ लाख ७० हजार गरी जम्मा रू २९ करोड ४२ लाख २८ हजार प्राप्त भएकोमा संघीय सरकारको रू २५ करोड १७ लाख १५ हजार खर्च भई बाँकी रू १ करोड ९५ लाख ४३ हजार र प्रदेश सरकारको रू २ करोड १६ लाख ९२ हजार खर्च भई बाँकी रू १२ लाख ७७ हजार रहेकोमा मिति मा संघीय संचित कोषमा फिर्ता भएको देखिन्छ । | |
| १० | | | **संगठन तथा कर्मचारी व्यवस्थापन** | |
| १०.१ | | | प्रशासकीय संगठन र कर्मचारी व्यवस्थापन– स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा ८३ बमोजिम स्थानीयतहको कार्य बोझ, राजस्व क्षमता, खर्चको आकार र स्थानीय आवश्यकता समेतलाई ध्यानमा राखी कर्मचारी समायोजन भएपछि मात्र संगठन तथा व्यवस्थापन सर्वेक्षणका आधारमा स्थानीय तहमा संगठन संरचना कायम हुने व्यवस्था छ ।नगरपालिकामा प्रमुख प्रशासकीय अधिकृत सहित १०१ दरबन्दी स्वीकृत रहेकोमा लेखापरीक्षण अवधि सम्म प्रमुख प्रशाकीय अधिकृत सहित ४१ जना र करार तर्फ ३३ पदपूर्ती भएको देखिन्छ।लेखापरीक्षणको क्रममा प्राप्त विवरण अनुसार कार्य व्यवस्थापनका दृष्टिकोणले महत्वपूर्ण मानिएका प्रशासकीय अधिकृत, इन्जीनियर, जनस्वास्थ्य अधिकृत सहित २७ पदहरू रिक्त रहेका छन् । दरबन्दी बमोजिम जनशक्तिको पूर्णता नहुँदा विषयगत कार्यक्रम सञ्चालन, सेवा प्रवाह तथा नगरपालिकाको समग्र कार्यसम्पादनमा असर परेको स्थिति छ।तसर्थ रिक्त पदहरू यथाशक्य छिटो पूर्ति गरी सेवा प्रवाह प्रभावकारी बनाउनु पर्दछ। | |

| क्रम | भौचर नम्बर | भौचर मिति | बिषय | बेरुजु रकम |
|---|---|---|---|---|
| १०.२ | | | कर्मचारी करार– स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा ८३ मा स्थानीय तहले आफ्नो अधिकार क्षेत्र र कार्यबोझको विश्लेषण गरी संगठन तथा व्यवस्थापन सर्भेक्षणको आधारमा स्थायी प्रकृतिको कामको लागि तथा सेवाकरारबाट लिईने कर्मचारीको दरबन्दी प्रस्ताव गर्नुपर्ने र अस्थायी दरबन्दी सृजनागर्न नसकिने व्यवस्था छ। तर नगरपालिकाले विभिन्न पदमा ३३ जना कर्मचारीहरू करारमा राखि रू १ करोड ३२ लाख ६४ हजार खर्चले खेको छ। | |
| ११ | | | **पदाधिकारी सुविधाः** नेपालको संविधानको धारा २२७ मा गाउँसभा तथा नगरसभाका सदस्यले पाउने सुविधाका सम्बन्धमा प्रदेश कानून बमोजिम हुने व्यवस्था अनुसार वागमती प्रदेशको प्रदेश सभाले स्थानीय तहका पदाधिकारी तथा सदस्यको सुविधा सम्वन्धि ऐन, २०७५ को पहिलो संसोधनको अनुसूची १ (ख) वमोजिम उक्त ऐनमा भएको व्यवस्था अनुसार नगरपालिकाले ६४ पदाधिकारीहरुलाई रु.१२९९००००।- सुबिधा बापत भुक्तानी गरेको छ । | |

| सि नं | विवरण | अध्यक्ष | उपाध्यक्ष | वडाध्यक्ष १२ जना | कार्यपालिका सदस्य ८ जना | वडा सदस्य ४१ जना | रा.सल्लाहकार | जम्मा ६४ |
|---|---|---|---|---|---|---|---|---|
| १ | बैठक भत्ता | - | - | ४३२००० | २८८००० | १४७६००० | - | २१९६००० |
| २ | टेलिफोन भत्ता | ४८००० | ४८००० | ३६०००० | १४४००० | ७३८००० | २४०००० | १५७८००० |
| ३ | मासिक खाजा | ६६००० | ६६००० | ५०४००० | १४४००० | ७३८००० | - | १५१८००० |
| ४ | पुस्तक, पत्रिका, इन्टरनेट | २४००० | २४००० | २८८००० | ९६००० | ४९२००० | - | ९२४००० |
| ५ | अनुगमन भ्रमण | - | - | - | - | - | - | - |
| ६ | समन्वय खर्च | १३२००० | १३२००० | १०८०००० | १९२००० | - | - | १५३६००० |
| ७ | खानेपानी विजुली महसूल | ४२००० | ३०००० | १४४००० | ९६००० | ४९२००० | - | ८०४००० |
| ८ | सरसफाई तथा मर्मत | ३६००० | ३६००० | १४४००० | ९६००० | - | - | ३१२००० |
| ९ | अतिथि सत्कार | १२०००० | ७२००० | ७२०००० | २४०००० | १२३०००० | - | १७३४००० |
| १० | यातायात खर्च | - | - | २७०००० | २४०००० | १२३०००० | - | १७४०००० |
| ११ | चाडवाड खर्च | - | - | - | - | - | - | |
| | जम्मा | ४६८००० | ४०८००० | ३९४२००० | १५३६००० | ६३९६००० | २४०००० | १२९९०००० |

| क्रम | भौचर नम्बर | भौचर मिति | बिषय | बेरुजु रकम |
|---|---|---|---|---|
| १२ | | | | |

**कोभिडको आय र व्याय**

गाउँपालिकाको प्राप्त विवरण अनुसार संघिय सरकारबाट रू 20 लाख र नगरपालिकाको कोषबाट रू १ करोड २० लाख समेत जम्मा रू १ करोड ४० लाखमा रु. १ करोड २० लाख ३० हजार खर्च भई रू १९ लाख ७० हजार बाँकी रहेको देखिन्छ ।

| आय शिर्षक | रकम | व्याय शिर्षक | रकम |
|---|---|---|---|
| संघिय संचित कोष | २०००००० | औषधी उपकरण स्वास्थ्य सामाग्री | २६५५१४३ |
| नगरपालिकाकोष | १२०००००० | क्वारेन्टीन तथा आसोलेस व्यवस्थापन | २९३६८५० |
| | | जनशक्ति करार तलव | ४८१७७५ |
| | | प्रचार प्रसार तथा जनचेतना | ३२९३० |
| | | गाडी भाडा ढुवानी तथा कन्ट्राक्याट टेसिङ्ग | ३१६१४० |
| | | संचार | ७५३०० |
| | | इन्धन | ३०५४२१ |
| | | कर्मचारी प्रोत्साहन तथा जोखिम भत्ता | २४९५३४१ |
| | | एम्बुलेन्स मर्मत | ६१५७७२ |
| | | बिबिध | ११२०० |
| | | एन्टिजेन खरीद | ४७७७६४ |
| | | शव व्यवस्थापन | १७९५० |
| | | भ्याक्सिन संचालन | १६३८९५ |
| | | खाद्यायन्न | ४२१३५३ |
| | | तरकारी | १४७७१६ |
| | | एम्बुलेन्सन चालक जोखिम भत्ता | २५०५०० |

| क्रम | भौचर नम्बर | भौचर मिति | बिषय | बेरुजु रकम |
|---|---|---|---|---|

| | | | |
|---|---|---|---|
| | | प्रहरी प्रोत्साहन | ६०००० |
| | | आइसोलेशन नेट तथा सिसि क्यमरा | ६४६९० |
| | | कोभिडबाट मृत्यु भएको परिवारलाई सहयोग | ५००००० |
| | | मौज्दात | १९७०२६० |
| जम्मा रू | १४०००००० | जम्मा रू | १४०००००० |

| क्रम | भौचर नम्बर | भौचर मिति | बिषय | बेरुजु रकम |
|---|---|---|---|---|
| १३ | | | **राजस्वको आन्तरीक नियन्त्रण**<br>१ व्यवसाय कर –स्थानीय सरकार संचालन ऐन, २०७४ को दफा ५८ मा पालिकाले आफ्नो कार्यक्षेत्र भित्र रहेका विभिन्न व्यवसाय गर्ने व्यक्तिबाट व्यवसाय कर उठाउनू पर्ने व्यवस्था रहेको छ ।यस वर्ष नगरपालिकाले व्यवसाय दर्ता तथा नवीकरण शुल्क वापत १४ लाख २९ हजार कर संकलन गरेको देखिन्छ । पालिकाको क्षेत्रभित्र रहेका व्यवसायीहरुको अभिलेख अध्यावधिक गरेको छैन।जसबाट पालिकाले कर संकलन गरेको यथार्थ मान्न सक्ने अवस्था नै छैन।तसर्थ पालिकाले आफ्नो क्षेत्रभित्र सञ्चालनमा रहेका सम्पूर्ण व्यवसायीको अद्यावधिक अभिलेख राखी करको दायरा भित्र ल्याउनु पर्दछ।<br>२ मनोरन्जन करः स्थानीय सरकार संचालन ऐन २०७५को दफा ६४ मा सिनेमा भिडियो हल साँस्कतिक प्रर्दशनहल तथा ऐतिहासिक स्थलको प्रवेश शूल्कमा ५ प्रतिशतका दरले मनोरन्जन कर उठाउन पाउने व्यवस्था रहेको छ । नगरपालिकाले हालसम्म उक्त शिर्षकमा कुनै पनि रकम उठाएको पाइएन । पालिकाको क्षेत्रभित्र रहेका यस्ता किसिमका मनोरन्जन स्थलको अभिलेख राख्ने गरेको छैन । छैन। तसर्थ पालिकाले आफ्नो क्षेत्रभित्र सञ्चालनमा रहेका सम्पूर्ण मनोरन्जन स्थलको अद्यावधिक अभिलेख राखी करको दायरा भित्र ल्याउनु पर्दछ।<br>३ घर जग्गा बहाल करः नगरपालिकाले जारी गरेको आर्थिक ऐन २०७५ को दफा ४ अनुसार नगरपालिका क्षेत्रभित्र कुनै पनि व्यक्ति वा संस्था वा निकायले घर पसल ग्यारेज गोदाम टहरा सेड कारखाना जग्गा वा पोखरी पूरै वा आशिंक रुपमा बहालमा दिएमा बहाल लागेको रकममा घर जग्गा बहाल कर लगाइने व्यवस्था रहेको छ । नगरपालिकाले उक्त बहाल कर को क्षेत्रगत लगत नराखेकाले कुन क्षेत्रबाट कति बहाल कर उठ्छ भन्ने कुराको एकिन गर्न सकिएन ।अत नियमानुसार अभिलेख राखी कर उठाउने प्रकृयालाई प्रभावकारी बनाउनुपर्दछ ।<br>४ विज्ञापनकर-बागमती प्रदेशको प्रदेश आर्थिक ऐन, २०७६ को दफा ५मा प्रदेश भित्र राखिने होडिङ बोर्ड, साईनबोर्ड, व्यानर, ट्राई भिजन बोर्ड, ग्लोबोर्ड, स्टल, डिजिटलबोर्ड, धातुको फ्रेम वा कुनै स्थानमा लागाउने, लेख्ने वा विद्युतीय तरंगको प्रयोग गरी गरिएको प्रचारको लागी राखिने बस्तु वा सामाग्रीमा गरिने विज्ञापनमा कर लागाइ असूल गरीने उल्लेख छ।तर यस पालिकाले यस वर्ष रू ५२२० मात्र कर असूल गरेको छ। पालिकाको क्षेत्रभित्र रहेका यस्ता किसिमका विज्ञापनको अभिलेख राख्ने गरेको छैन।जसबाट पालिकाले कर संकलन गरेको यथार्थ मान्न सक्ने अवस्था नै छैन।तसर्थ पालिकाले आफ्नो क्षेत्रभित्र सञ्चालनमा रहेका सम्पूर्ण विज्ञापनको अद्यावधिक अभिलेख राखी करको दायरा भित्र ल्याउनु पर्दछ।विज्ञापनकर-बागमती प्रदेशको प्रदेश आर्थिक ऐन, २०७६ को दफा ५मा प्रदेश भित्र राखिने होडिङ बोर्ड, साईनबोर्ड, व्यानर, ट्राई भिजन बोर्ड, ग्लोबोर्ड, स्टल, डिजिटलबोर्ड, धातुको फ्रेम वा कुनै स्थानमा लागाउने, लेख्ने वा विद्युतीय तरंगको प्रयोग गरी गरिएको प्रचारको लागी राखिने बस्तु वा सामाग्रीमा गरिने विज्ञापनमा कर लागाइ असूल गरीने उल्लेख छ।तर यस पालिकाले यस वर्ष रू ५२२० मात्र कर असूल गरेको छ। पालिकाको क्षेत्रभित्र रहेका यस्ता किसिमका विज्ञापनको अभिलेख राख्ने गरेको छैन।जसबाट पालिकाले कर संकलन गरेको यथार्थ मान्न सक्ने अवस्था नै छैन।तसर्थ पालिकाले आफ्नो क्षेत्रभित्र सञ्चालनमा रहेका सम्पूर्ण विज्ञापनको अद्यावधिक अभिलेख राखी करको दायरा भित्र ल्याउनु पर्दछ। | |
| १४ | | | **विद्यालयको लेखापरीक्षणः**<br>नगरपालिकाले मातहतका विद्यालयहरुको तोकिएको समयमा लेखापरीक्षण गराउनु पर्दछ । नगरपालीकाले विद्यालयको लेखापरीक्षण खर्च वापत आ.व. २०७७।७८ का लागि ५३ वटा विद्यालयहरुलाई रु.५८५०००। निकासा दिएको छ । नगरपालिकाले आ.व.२०७७।७८ को अन्तिममा पनि विद्यालयहरुको लेखापरीक्षण गराएको देखिएन । अतः समयमै लेखापरीक्षण गराई देखिएका व्यहोरा उपर आवश्यक कारवाही गरी सुधार गर्नु पर्दछ । | |

| क्रम | भौचर नम्बर | भौचर मिति | बिषय | बेरुजु रकम |
|---|---|---|---|---|
| १५ | | | **ICT ल्याबः**<br>यस थाहा नगरपालिका भित्र रहेका विभिन्न ७ विद्यालयहरुमा ल्याब निर्माण गर्नका लागि मिति २०७८।०३।०३ मा संम्झौता गरी प्रति विद्यालय रु ६५०००० का दरले अनुदान दिएको देखियो। सम्झौतामा उल्लेख भए अनुसार २०७८ असार मशान्त सम्ममा ल्याव निर्माण गरिसक्नु पर्ने अन्यथा विद्यालयलाई विनियोजन भएको रकम असूल गरी नगरपालिकालाई फिर्ता गर्नु पर्ने सम्झौता छ।तर हालसम्म पनि विधालयहरुमा ICT ल्याब निर्माणको काम सम्पन्न नभएको तथा म्याद थप समेत गरेको पाईएन। अतः म्याद थप भएको प्रमाण पेश गर्नु पर्ने अन्यथा असूल गर्नुपर्ने रु. | ४,५५०,००० |

| सि.नं. | विद्यालयको नाम | अनुदान रकम | सम्झौता मिति | सम्पन्न गर्नु पर्ने मिति | अवस्था |
|---|---|---|---|---|---|
| १ | श्री जनकल्याण उच्च मा.वि. पालुङ्ग | ६५०००० | २०७८।०३।०३ | २०७८।०३।३० | सम्पन्न नभएको |
| २ | श्री सरस्वती मा.वि. देउखेल अग्रा | ६५०००० | २०७८।०३।०३ | २०७८।०३।३० | सम्पन्न नभएको |
| ३ | श्री इन्द्रायणी मा.वि. अग्रा | ६५०००० | २०७८।०३।०३ | २०७८।०३।३० | सम्पन्न नभएको |
| ४ | श्री सुनौला मा.वि. कुन्छाल,बज्रबराही | ६५०००० | २०७८।०३।०३ | २०७८।०३।३० | सम्पन्न नभएको |
| ५ | श्री दुर्गादेवी प्रा.वि.तसर बज्रबराही | ६५०००० | २०७८।०३।०३ | २०७८।०३।३० | सम्पन्न नभएको |
| ६ | श्री बज्रवराही उ.मा.वि थहचोक | ६५०००० | २०७८।०३।०३ | २०७८।०३।३० | सम्पन्न नभएको |
| ७ | श्री स्वचन्द भैरव उ.मा.वि. चित्लाङ | ६५०००० | २०७८।०३।०३ | २०७८।०३।३० | सम्पन्न नभएको |
| | जम्मा | ४५५०००० | | | |

| क्रम | भौचर नम्बर | भौचर मिति | बिषय | बेरुजु रकम |
|---|---|---|---|---|
| १६ | | | **स्यानीटरी प्याड वितरणः**<br>स्यानिटरी प्याड वितरण तथा व्यवस्थापन कार्यविधि २०७६ मा विद्यालयले छात्रा विद्यार्थी लगत तयार गरी सम्वन्धित स्थानीय तहमा लेखी पठाउने र स्थानीय तहले प्राप्त संख्याको आधारमा एक महिनामा बढीमा प्रति विद्यार्थी १६ वटा स्यानिटरी प्याड वितरण गर्ने गरी सम्वन्धित विद्यालयको महिला शिक्षक वा कर्मचारीलाई सम्पर्क व्यक्ति तोकी प्याड वितरण प्रकृया सुचारु गरी सो को भरपाई तयार गरी अर्को महिनाको ७ गते सूचना पार्टिमा विवरण टाँस्नुपर्ने व्यवस्था उल्लेख गरेको छ। गाउँपालीकाले उक्त प्रकृया पुरा नगरी यस वर्ष उक्त शिर्षकमा गो.भौ.नं. ४९।२०७७।९।२४ मा आरभ एण्ड विष्णु सप्लायर्स प्रा.लि. विरगञ्जबाट रु. ११,८५,०८७। र गो.भौ.नं. ५८।२०७७।९।२२ मा पुनः रु. ११,८५,०८७।– गरी जम्मा रु, २३७०१७४। को स्यानीटरी प्याड खरीद गरी विद्यालयहरुलाई वितरण गरेको देखियो । स्यानिटरी प्याड तोकिएका विधार्थीहरुलाई वितरण गरेको भरपाई पेश नगरेको तथा उक्त कार्यक्रमवाट विद्यार्थीको स्वास्थ्य र शैक्षिक कृयाकलापमा परेको प्रभाव अनुगमन मूल्याङ्कन प्रतिवेदन लिने गरेको छैन। अतः स्यानिटरी प्याड विवरणको अवस्था र प्रभावकारीता खुल्ने गरी अनुगमन तथा प्रतिवेदन तयार गर्नु पर्दछ। | |

| क्रम | भौचर नम्बर | भौचर मिति | बिषय | बेरुजु रकम |
|---|---|---|---|---|
| १७ | | | **अनुगमन भत्ताः**<br>यस नगरपालिकामा सञ्चालन भएका विभिन्न परियोजनाहरुको अनुगमन गर्न नगर उप प्रमुखको संयोजकत्वमा गठित समितिले विभिन्न समयमा अनुगमन गरे बापत निम्न अनुसार भत्ता बुझेको देखियो। | |

| सि.नं. | पद नाम | पद | अनुगमण गरेको दिन (वार्षिक) | दर | जम्मा |
|---|---|---|---|---|---|
| १ | नगर उप प्रमुख- खड्क ब. गोपाली | संयोजक | ५७ | १००० | ५७००० |
| २ | कार्यपालिका सदस्य- जानुका ढकाल | सदस्य | ५७ | १००० | ५७००० |
| ३ | योजना महाशाखा प्रमुख- विवेक विडारी | सदस्य | ५७ | १००० | ५७००० |
| ४ | प्राविधिक शाख- रामचन्द्र थिङ | सदस्य | ५७ | १००० | ५७००० |
| ५ | योजना शाखा- प्रकास कुमार लामा | सदस्य सचिब | ५७ | १००० | ५७००० |
| | | | | जम्मा | २८५००० |

| क्रम | भौचर नम्बर | भौचर मिति | बिषय | बेरुजु रकम |
|---|---|---|---|---|
| १८ | | | **जिन्सी निरीक्षणः**<br>आर्थिक कार्यविधि तथा वित्तीय उत्तरदायित्व नियमावली, २०७७ को नियम १०० मा प्रत्येक वर्ष कार्यालयले गत आर्थिक बर्षको मौज्दात, चालु आर्थिक बर्षमा खरिद गरेको तथा हस्तान्तरण भई आएको मालसामान तथा वस्तुगत सहायताको रुपमा प्राप्त भएको मालसामानको परिमाण र मूल्य, चालु आर्थिक वर्षमा लिलाम, मिनाहा वा हस्तान्तरण भई खर्चको परिमाण र मूल्य तथा बाँकी जिन्सी मालसामानको परिमाण र मूल्य समेत र खुलाई जिन्सी मालसामानको श्रेस्ता महालेखा परीक्षकबाट स्वीकृत ढाँचामा राख्नु पर्ने व्यवस्था छ।यस कार्यालयले गत बर्षको मौज्दात चालु बर्षमा अ.ल्या. गर्दा मौज्दात भिडान नभएको तथा वास्तविक मूल्य समेत भिडान नभएको साथै जिन्सी सामानहरु मर्मत गर्नपर्ने तथा लिलाम बिक्री गर्नु पर्ने अवस्था समेत जिन्सी निरीक्षण प्रतिवेदनमा खुलेको पाईएन।अतः कार्यालयले जिन्सी सामानहरुको अध्यावधिक विवरण स्पष्ट रुपमा खुलाई जिन्सी निरीक्षण प्रतिवेदन तयार गर्नु पर्दछ। | |
| १९ | | | **छात्रवृत्ती वितरणः**<br>आर्थिक कार्यविधि तथा वित्तीय उत्तर नियमावली, २०७७ को नियम ३९ को (५) सरकारी रकम खर्च गर्दा त्यस्तो खर्च पुष्टी हुने बिल, भरपाई, प्रमाण र कागजात सहितको लेखा राख्नु पर्ने व्यवस्था छ। यस नगरपालिकाले आफ्ना मातहतका ५३ वटा विद्यालयहरुमा छात्रावृत्रीको रकम रु. १४३७०००। IEMIS विद्यार्थी संख्याको आधारमा सम्वन्धित विद्यालयको खातामा जम्मा गरिएकोमा उक्त छात्रवृती तोकिएका विधार्थीहरुलाई वितरण गरेको भरपाई पेश गरेको पाईएन। छात्रवृति रकम विद्यार्थीले वुझेको सुनिश्चित गर्न वुझेको भर्पाई सहितको विवरण पेश हुनुपर्दछ। | |

| क्रम | भौचर नम्बर | भौचर मिति | बिषय | बेरुजु रकम |
|---|---|---|---|---|
| २० | | | **कन्टिजेन्सि खर्चः**<br>यस नगरपालिकामा सञ्चालित विभिन्न योजनाहरुवाट रु. ७५०००००। कन्टिजेन्सी कट्टी गरी जम्मा गरेकोमा रु. ७३३३३२०। खर्च भएको देखियो। लेखापरीक्षण गर्दा भ्रमण भत्ता, फिल्ड भत्ता, कार्यालय सामान, ईन्धन, अथिति सत्कार, घरभाडा, पानी तथा विजुली जस्ता चालु प्रकृतिका खर्च र मोटरसाईकल, स्कुटर, फर्निचर तथा ल्यापटप जस्ता पुजीँगत प्रकृतीका खर्चहरु कन्टिजेन्सी रकमवाट भुक्तानी दिएको पाईयो। यस्ता प्रकारका खर्चहरुलाई विनियोजित बजेटमा समावेश गरी खर्च गरिनु उपयुक्त हुन्छ। साथै कन्टिजेन्सी खर्चलाई नियमित, व्यवस्थित र एकरुपता कायम गर्न कार्यविधि बनाई सो अनुरुप खर्च गर्नु पर्दछ। | |

| क्रम | भौचर नम्बर | भौचर मिति | बिषय | बेरुजु रकम |
|---|---|---|---|---|
| २१ | | | **बढी भुक्तानीः**<br>शिक्षा तथा मावन स्रोत विकास केन्द्रबाट प्रकासित कार्यक्रम कार्यान्वयन पुस्तिका २०७७।७८ अनुसार शिक्षकको तलव सुविधा सेवा सुविधा विवरण अन्तर्गत प्राविधिक धारका कक्षा ९ दखी १२ सम्मका शिक्षकहरुले प्राविधिक भत्ता वापत प्रति महिना ३००० का दरले १० महिना को लागि मात्र भत्ता पाउने व्यवस्था रहेकोमा १२ महिना नै भत्ता वितरण गरेको देखियो। वढी भएको २ महिनाको भत्ता असूल हुनुपर्ने रु | ७२,००० |

| 0 | शिक्षकको नाम | विद्यालयको नाम | प्राविधिक भत्ता रु | पाउने महिना | पाएको महिना | वढी भएको | जम्मा रु |
|---|---|---|---|---|---|---|---|
| १ | प्रसान्त गिरी मा.वि.द्वि. | जनकल्याण मा.वि. थाहा ३ घट्टचौर | ३००० | १० | १२ | २ | ६००० |
| २ | सुदिप अधिकारी मा.वि.तृ. | जनकल्याण मा.वि. थाहा ३ घट्टचौर | ३००० | १० | १२ | २ | ६००० |
| ३ | निश्चल शाक्य मा.वि.तृ | जनकल्याण मा.वि. थाहा ३ घट्टचौर | ३००० | १० | १२ | २ | ६००० |
| ४ | विष्णु तिवारी मा.वि.तृ | जनकल्याण मा.वि. थाहा ३ घट्टचौर | ३००० | १० | १२ | २ | ६००० |
| ५ | जयलाल स्याङ्तन<br>नि.मा.वि.तृ | जनकल्याण मा.वि. थाहा ३ घट्टचौर | ३००० | १० | १२ | २ | ६००० |
| ६ | सपना पराजुली नि.मा.वि.तृ | जनकल्याण मा.वि. थाहा ३ घट्टचौर | ३००० | १० | १२ | २ | ६००० |
| ७ | विमल थापा मा.वि.तृ | सुन्दरादेवी मा वि थाहा ७ डाँडावास | ३००० | १० | १२ | २ | ६००० |
| ८ | चन्द्रदिप यादव मा.वि.तृ | सुन्दरादेवी मा वि थाहा ७ डाँडावास | ३००० | १० | १२ | २ | ६००० |
| ९ | नरज कुमार यादव मा.वि.तृ | सुन्दरादेवी मा वि थाहा ७ डाँडावास | ३००० | १० | १२ | २ | ६००० |
| १० | चन्द्र प्रकास तामाङ मा.वि.तृ | सुन्दरादेवी मा वि थाहा ७ डाँडावास | ३००० | १० | १२ | २ | ६००० |
| ११ | प्रकास ब चन्द्र नि.मा.वि.तृ | सुन्दरादेवी मा वि थाहा ७ डाँडावास | ३००० | १० | १२ | २ | ६००० |
| १२ | नवनित यादव नि.मा.वि.तृ | सुन्दरादेवी मा वि थाहा ७ डाँडावास | ३००० | १० | १२ | २ | ६००० |
| | | | | | | जम्मा | ७२०००। |

| क्रम | भौचर नम्बर | भौचर मिति | बिषय | बेरुजु रकम |
|---|---|---|---|---|
| २२ | | | **पेश्की बाँकीः**<br>आर्थिक कार्यविधि तथा सार्वजनिक उत्तरदायित्व नियमावली, २०७७ अनुसार आर्थिक वर्षको अन्त्य सम्ममा पेश्की फछ्यौट गर्नुपर्ने व्यवस्था रहेकोमा मलेपफानं २०७ अनुसार देहाय अनुसार म्याद नाघेको पेश्की रु. १२९९०००० फछ्यौट गर्न बाँकी रहेको छ । नियमानुसार समयमै पेश्की फर्छयौट गर्नुपर्ने म्याद नाघेको पेश्की रु | १२,९९०,००० |

| सि.नं. | पेश्कीको विवरण | पेश्की लिने ब्यक्ती, फर्म वा कम्पनीको नाम | चालु आ. व. | | |
|---|---|---|---|---|---|
| | | | म्याद ननाघेको रकम | फछ्यौंटको अन्तिम म्याद | म्याद नाघेको |
| १ | वडा कार्यालय भवन-८ | टिका राम रुम्बा | | ०२/०५/२०७७ | २७५००० |
| २ | | विकोइ।सिंह एण्ड ब्रदर्श।किरातेश्वर जेभी | | | ७४००००० |
| ३ | | चित्लाङ्ग स्वास्थ्य चौकी | | | ९००००० |
| ४ | | सक्षम निर्माण सेवा | | | ४४१५००० |
| | | जम्मा रु | | | १२९९०००० |

| क्रम | भौचर नम्बर | भौचर मिति | बिषय | बेरुजु रकम |
|---|---|---|---|---|
| २३ | | | **कर दस्तुर एवं आन्तरिक आयः**<br>**१ बडा अनुसार राजस्व संकलनको व्यवस्थाः** नगरपालिकापालिको बिभिन्न वडाको आम्दानी स्तर एकै प्रकारको नभएकाले प्रत्येक वडाको अवसर र संम्भावित आम्दानीका क्षेत्रको पहिचान गरी वडागत लक्ष्य तोक्ने र सो को अनुगमन गर्ने र लक्ष्य हासिल गर्न प्रोत्साहित गर्ने गरी करको दायरा बढाउन पहल गर्नु पर्दछ । | |

| क्र स | वडा नं | जम्मा |
|---|---|---|
| १ | १ | ७५०८१६ |
| २ | २ | ५४९४१९।८ |
| ३ | ३ र ४ | १८०८०८६।३ |
| ४ | ५ | ४९६६०४।५ |
| ५ | ६ | १६०१३७२।५५ |
| | | |

| क्रम | भौचर नम्बर | भौचर मिति | बिषय | | | | | बेरुजु रकम |
|---|---|---|---|---|---|---|---|---|

| | | |
|---|---|---|
| ६ | ७ | ४४०८५३।७५ |
| ७ | ८ | २०७४६८।४ |
| ८ | ९ | १७१८९७५ |
| ९ | १० | ९९९६५६।५ |
| 10 | ११ | ४७६७७६।५ |
| ११ | १२ | ६४७१६०।५ |
| जम्मारू | | ९६९७१८९।८ |

**२ आन्तरिक आयः** स्थानिय सरकार संचालन ऐन २०७४ को दफा ५४ अनुसार स्थानीय तहले आफ्नो क्षेत्र भित्र कानून अनुसार कर लगाउने तथा असुल गर्नसक्ने व्यवस्था रहेको छ । जस अनुसार नगरपालिकाले यस वर्ष विभिन्न शिर्षकमा रू २१ करोड २७ लाख ५५ हजार आम्दानी गरेको देखिन्छ ।

| राजस्व उपशीर्षक | प्रस्तावित आय | प्राप्त रकम रु. (हजारमा) |
|---|---|---|
| आन्तरीक श्रोत | २७९०५५ | २८१३३७ |
| एकीकृत सम्पती कर | ५००० | ९३३१ |
| सिफारिस दस्तुर | ३००० | ५६१३ |
| नक्सापास दस्तुर | १००० | ३०७ |
| घर बहाल कर | १५० | २७६ |
| व्यवसाय कर | ११२० | १४२९ |
| भूमिकर। मालपोत | १००२० | १६७८५ |
| कृषि तथा पशुजन्य बस्तुको व्यवसायी कारोबारमा लाग्ने कर | ६००० | ७७२८ |
| अन्य कर | १०५० | १०२७३ |
| अन्य आय | २११६५ | १४४०९ |

<table>
<tr><th>क्रम</th><th>भौचर नम्बर</th><th>भौचर मिति</th><th>बिषय</th><th>बेरुजु रकम</th></tr>
<tr><td></td><td></td><td></td><td>
<table>
<tr><td>बहाल विरौटी कर</td><td>१०</td><td>५३२</td></tr>
<tr><td>अन्य श्रोतबाट प्राप्त कर</td><td>२१०००</td><td>५२७९</td></tr>
<tr><td>अन्य दस्तुर</td><td>१००</td><td>४३</td></tr>
<tr><td>जम्मा आन्तरिक राजस्व</td><td>३४८६७०</td><td>३५३३४२</td></tr>
</table>
</td><td></td></tr>
<tr><td>२४</td><td></td><td></td><td>
प्राविधिक प्रतिवेदन<br>
प्राविधिक प्रतिवेदन- सार्वजनिक खरिद नियमावली, २०६४ को नियम १२५ को उपनियम १, (१क) मा खरिद सम्झौता वमोजिम निर्माण कार्य सम्पन्न सकेपछि सम्झौता वमोजिम निर्माण कार्यको त्रुटी सच्चाउने दायित्वको अवधि समाप्त नहुदै कुनै त्रुटी देखिएमा सार्वजनिक निकायले सो को यकिन गरी समयमा नै दावी गर्नुपर्ने व्यवस्था छ । यस्तै निर्माण व्यवसायीहरु सँगको सम्झौताको दफा GCC 42 मा समेत तत्सम्वन्धमा व्यवस्था गरेको छ । कार्यालयले निम्न निर्माण व्यवसायीहरुको निर्माण कार्य सम्पन्न भई त्रुटी सच्चाउने अवधि भित्र निर्माण कार्यमा देखिएका त्रुटी सच्याउन २०७८।२।२७ मा निर्देशन दिएको छ । तर निर्माण कार्यमा भएको त्रुटी स्पष्ट नखुलाएको र निर्माण व्यवसायीले हालसम्म त्रुटी सच्चायको प्राविधिक प्रतिवेदन समेत परिक्षणको लागि पेश भएको छैन । अतः निर्माण कार्यमा भएको त्रुटी तोकिएको समयमा सच्चाईएको प्राविधिक प्रतिवेदन पेश हुनु पर्दछ ।
<table>
<tr><th>ठेक्का नं.</th><th>निर्माण कार्य</th><th>निर्माण व्यवसायी</th><th>कूल भूक्तानी रकम</th><th>सम्पन्न मिति</th><th>DLP सकिने मिति</th></tr>
<tr><td>८।२०७६।७७</td><td>इन्द्रायणी ग्राउण्ड नेचरल स्टिडियममा नदी नियन्त्रण कार्य</td><td>ए.के.विल्डर्स प्रा.लि.</td><td>१४,८९,९१६।-</td><td>२०७७।३।२४</td><td>२०७८।३।२४</td></tr>
<tr><td>१२।२०७६।७७</td><td>गोरखनाथ रोडको स्तरोन्नती तथा ढलान कार्य</td><td>ए.के.विल्डर्स प्रा.लि.</td><td>२०,४४,३३९।-</td><td>२०७७।६।१०</td><td>२०७८।६।१०</td></tr>
<tr><td>१४।२०७६।७७</td><td>कलातु रोडको स्तरोन्नती कार्य</td><td>ए.के.विल्डर्स प्रा.लि.</td><td>९२,१२,६९५।-</td><td>२०७७।१२।९</td><td>२०७८।१२।९</td></tr>
<tr><td>११।२०७६।७७</td><td>चौकी किटेनी रुप्से सडक स्तरोन्नती कार्य</td><td>ए.के.विल्डर्स प्रा.लि.</td><td>१०१,१४,०२४।-</td><td>२०७७।१२।१२</td><td>२०७८।१२।१२</td></tr>
<tr><td>४।२०७७।७८</td><td>कोल्ड स्टोरमा नदी नियन्त्रण कार्य</td><td>सक्षम निर्माण सेवा</td><td>१,१४,९२,६५९।</td><td>२०७८।३।१४</td><td>२०७९।३।१४</td></tr>
</table>
</td><td></td></tr>
<tr><td>२५</td><td></td><td></td><td>
लागत अनुमान र कार्यान्वयन<br>
लागत अनुमानः सार्वजनिक खरिद नियमावली, २०६४ को नियम १४ मा नियम १०, ११ र १३ वमोजिम तयार भएको लागत अनुमान मध्ये पाँच करोड रुपैंया सम्मको लागत अनुमान राजपत्राकिंत द्वितीय श्रेणीको कार्यालय प्रमुखबाट स्वीकृत हुनुपर्ने व्यवस्था छ । कार्यालयले यस वर्ष २२ निर्माण कार्यको लागि तयार गरेको रु.५ करोड सम्मको लागत अनुमानमा उक्त नियम १०, ११ र १३ को प्रकृया पुरा नभएको र अधिकार प्राप्त अधिकारीवाट निर्णय गरी स्वीकृत गरेको देखिएन । अतः निर्माण कार्यको लागत अनुमान उक्त प्रकृया अनुसार अधिकार प्राप्त अधिकारीवाट निर्णय गरी स्वीकृत गरीनु पर्दछ । यसका केही उदाहरण निम्नानुसार छन् ।
<table>
<tr><th>ठेक्का नम्वर</th><th>निर्माण कार्य</th><th>कायम लागत अनुमान रकम</th></tr>
</table>
</td><td></td></tr>
</table>

| क्रम | भौचर नम्बर | भौचर मिति | बिषय | बेरुजु रकम |
|---|---|---|---|---|

| | | |
|---|---|---|
| ६।२०७७।७८ | सरस्वती वजार भट्टवाल पाल्चोक सडकको स्तरोन्नती | १९४८२६५७। |
| १०।२०७७।७८ | सरस्वती वजार भट्टवाल पाल्चोक सडकको स्तरोन्नती दोश्रो चरण | ८६४६६१०। |
| ५।२०७७।७८ | डोक्छा तोसार सडकको स्तरोन्नती | १९४८२६४१। |
| ३३।२०७६।७७ | भोर्ले खानेपानी आपूर्ति | ७३०६०१५। |
| १३।२०७७।७८ | चौवास खानेपानी आपूर्ति | ४८६९४६८। |
| १७।२०७७।७८ | स्थानीय र गैर स्थानीय सामाग्री खरिद | ५०७७८८३। |
| १२।२०७७।७८ | औद्योगिक क्षेत्र निर्माण | ८९६२००५। |

**वोलपत्रको स्वीकृति**- सार्वजनिक खरिद ऐन, २०६३ को दफा २३ वमोजिम सार्वजनिक निकायले दफा २२ वमोजिम खोलेको वोलपत्र मूल्याकंन समितिमा पेश गर्नुपर्ने र समितिको मूल्याकंन एवं शिफारिशको आधारमा सार्वजनिक खरिद नियमावली, २०६४ को नियम ६७ वमोजिम तोकिएको कार्यालय प्रमुखले सो वोलपत्र स्वीकृत गर्नुपर्ने व्यवस्था छ । कार्यालयमा यस वर्ष २२ निर्माण कार्यको वोलपत्र स्वीकृत गर्दा तदनुसार नभई प्रमुख कार्यकारी अधिकृत संयोजक रहेको ४ सदस्यीय मूल्याकंन समितिले वोलपत्र मूल्याकंन गरी निर्णयका लागि शिफारिस गरेको तर अधिकार प्राप्त अधिकारीवाट वोलपत्र स्वीकृत भएको पाइएन । अतः मूल्याकंन समितिको शिफारिस पश्चात तोकिएको श्रेणीको कार्यालय प्रमुखवाट वोलपत्र स्वीकृतको निर्णय गरिनु पर्दछ । यसका केही उदाहरण निम्नानुसार छन् ।

| ठेक्का नम्वर | निर्माण कार्य | सम्झौता रकम | सम्झौता मिति |
|---|---|---|---|
| ६।२०७७।७८ | सरस्वती वजार भट्टवाल पाल्चोक सडकको स्तरोन्नती | १०७९८७५८।- | २०७७।७।५ |
| १०।२०७७।७८ | सरस्वती वजार भट्टवाल पाल्चोक सडकको स्तरोन्नती दोश्रो चरण | ५५७४५५४।६० | २०७७।१२।२ |
| ५।२०७७।७८ | डोक्छा तोसार सडकको स्तरोन्नती | १०१४१५२२।- | २०७७।१०।७ |
| ३३।२०७६।७७ | भोर्ले खानेपानी आपूर्ति | ७११६७०१।- | २०७७।२।३० |
| १३।२०७७।७८ | चौवास खानेपानी आपूर्ति | ४८६९४६८। | २०७८।२।३ |
| १७।२०७७।७८ | स्थानीय र गैर स्थानीय सामाग्री खरिद | ५०७७८८३। | २०७८।२।२४ |
| १२।२०७७।७८ | औद्योगिक क्षेत्र निर्माण | ८९६२००५। | २०७८।२।३ |

प्रदेश समपूरक क्रमागत श्रोत अन्तर्गत ठे.नं. ५।२०७७।७८ को डोक्छा तोसार सडकको स्तरनोन्नती कार्यको १६० दिन (२०७८।३।१५) मा सम्पन्न गर्नेगरी २०७७।१०।७ मा सक्षम निर्माण सेवा संग कवोल अंक रु.१०१४१५२२।– मा सम्झौता भएकोमा सो को अवधि २०७८।९।१४ सम्म थप भएको छ । यस वर्ष मोविलाईजेशन पेश्कि रु.१००००००।– भूक्तानी भएको छ । उक्त निर्माण व्यवसायी

| क्रम | भौचर नम्बर | भौचर मिति | बिषय | बेरुजु रकम |
|---|---|---|---|---|
| | | | २०७८।९।११ मा निर्माण कार्य सम्पन्न भएकोले नाप जाँच गरी अन्तिम विजक भूक्तानीको लागि कार्यालयमा निवेदन दिएकोमा लेखा परीक्षण अवधि २०७८।१२।१८ सम्ममा पनि प्राविधिक नाप जाँच गरी ठेक्का फर फारक गरेको छैन । सम्पन्न भएको निर्माण कार्यको प्राविधिक नाप जाँच गरी ठेक्का फर फारक गरिनु पर्दछ ।<br>नौखण्डे खानेपानी आयोजनाका लागि थाहा न.पा. च्वाइस न्यूमेनीटेरियन नेपाल र खानेपानी उपभोक्ता समिति वीच २०७८।२।२४ मा भएको सम्झौता अनुसार आयोजना निर्माणको लागि आवश्यक पाइप र फिटिङ्गस सामाग्रि खरिद गर्न रु.५०७७८८३।९६ को लागत अनुमान र ५०४९५६९।९० को सम्झौता रुममा बि.एण्ड पि. निर्माण सेवा संग २०७८।४।२३ (६० दिन ) सम्ममा आपूर्ति गर्ने गरी सम्झौता भएकोमा सो को २०७८।१२।३० सम्म म्याद थप भएको छ । आपूर्तिको लागत अनुमान परीक्षणको लागि पेश भएको छैन । लागत अनुमानको अभावमा खरिद गरिने निर्माण सामाग्रीको परिमाण, गुणस्तर आदि सम्वन्धमा सुनिश्चित हुने आधार रहेन ।<br>नौखण्डे खानेपानी आयोजनाका लागि ६० दिन भित्र निर्माण सामाग्री आपूर्ति गर्ने गरी रु.५०४९५६९।९० मा बि एण्ड पि. निर्माण सेवा संग २०७८।२।२४ मा सम्झौता हुंदा सम्झौताको विशेष शर्तको GCC १४.२ मा निर्माण व्यवसायी तथा आपूर्तिकर्ता लाई मूल्य समायोजन दिने गरी सम्झौता भएको छ । सार्वजनिक खरिद ऐन, २०६३ को दफा ५५ मा खरिद सम्झौतामा अन्यथा व्यवस्था भएकोमा वाहेक १२ महिना भन्दा वढी अवधिको खरिद सम्झौता कार्यान्वियन गर्ने क्रममा मूल्य समायोजन गर्न आवश्यक देखिएमा अधिकार प्राप्त अधिकारीले मूल्य समायोजन गर्न सक्ने व्यवस्था रहेकोमा नगरपालीकालाई थप व्ययभार पर्नेगरी ६० दिनको खरिद सम्झौतामा समेत मूल्य समायोजन दिन प्रावधान राखेको देखियो । सम्झौतामा मूल्य समायोजन दिने प्रावधान भएको कारण ६० दिनको ठेक्काको म्याद रहेकोमा २०७८।१२।३० सम्म म्याद थप भई लेखापरीक्षण अवधि २०७८।१२।१८ सम्म पनि कार्य सम्पन्न भएको छैन । यसमा कानून विपरीत नगरपालीकालाई वढी व्ययभार पर्ने गरी सम्झौता गर्ने पदाधिकारीलाई जिम्मेवार वनाइनु पर्दछ ।<br>गुणस्तर आश्वस्त योजना (QAP) यस पालीकाले सडक निर्माण तथा स्तरोन्नति कार्यको गुणस्तर कायम गर्न Standard Specification for Rood & Bridge अनुसार गुणस्तर आश्वस्तता योजना तयार गरी सो को पालना गर्नुपर्ने व्यवस्था छ । यस पालीकाले गत वर्षका १९ र यस वर्षका २२ निर्माण कार्यको तदनुसार गुणस्तर आश्वस्तता योजना तयार गरी कार्यान्वियन गरेको देखिएन । अतः सो योजना तयार गरी योजना तोकिएको Frequency अनुसार निर्माण सामाग्री तथा निर्माण कार्यको गुणस्तर कायम गरिनु पर्दछ । | |

| क्रम | भौचर नम्बर | भौचर मिति | बिषय | बेरुजु रकम |
|---|---|---|---|---|
| | | | | |
| २६ | | | **शीत भण्डार** | |
| २६.१ | | | | ३०,५००,००० |
| २६.२ | | | **पूर्वनिर्धारित क्षतिपूर्ति** - थाहा नगरपालीकामा शित भण्डार निर्माण कार्यका लागि २०७७।३।२५ भित्र सम्पन्न गर्नेगरी २०७५।६।१ मा कवोल अंक ११,४७,६२,७९४।६९ (मु.अ.कर सहित) मा BKoI/Singha & Brothers/ Kiranteshwor J.v. संग सम्झौता भएकोमा २०७७।५।२ को वोर्डको वैंठकको निर्णयानुसार २०७८।२।३० सम्म म्याद थप भएकोमा नगर प्रमुखको २०७८।३।२५ को निर्णयानुसार २०७८।११।३० सम्म म्याद थप भएको छ । तर तत्पश्चात् लेखापरीक्षण अवधीसम्म ३० प्रतिशत भौतिक प्रगति भएकोमा पुनः म्याद थप नभएकोले उक्त निर्माण कार्य सम्झौताको विशेष शर्तको वुंदा GCC ५५.१ बमोजिम प्रति दिन सम्झौता रकमको ०.०५ प्रतिशत ले हुने रकम (अधिकतम सम्झौताको १० प्रतिशत सम्म हर्जाना (पूर्वनिर्धारित क्षतिपूर्ति) लगाई निर्माण कार्य सम्पन्न गरिनु पर्दछ । | |
| २६.३ | | | **स्थलगत अवलोकन**- कार्यालयको प्राविधिक सहित लेखापरीक्षण टोलिले शीत भण्डारको स्थलगत अवलोकन गर्दा शित भण्डार घर्ति नदि किनासमा अवस्थित करिव ८८'x ८८' को ६ तले स्टील फ्रेम स्ट्रक्चरमा निर्माणाधीन अवस्थामा रहेको तर यस सम्झौताको BOQ मा मेकानिकल सामाग्री नरहेको कारण ती जडान गर्न चालु वर्ष ठेक्का व्यवस्थापन गरेको जानकारी प्राप्त भएको छ । हाल लाई विभिन्न प्याकेज गरी सो स्थानमा नदी नियन्त्रण कार्यका लागि रिटेनीङ्गवाल निर्माण भैरहेको देखियो । | |
| २७ | | | **शीत भण्डार पेश्की**<br>थाहा नगरपालिकामा शित भण्डार निर्माण कार्यका लागि BKoI/Singha & Brothers/ Kiranteshwor J.v. संग २०७५।६।१ मा भएको सम्झौताको विशेष शर्तको वुंदा ५७.३ अनुसार स्वीकृत सम्झौता अवधिको ८० प्रतिशत समयावधि भित्र निर्माण व्यवसायीलाई दिएको पेश्की पुरै फर्स्यौट गरिसक्नुपर्ने व्यवस्था छ । सो निर्माण कार्यको २ पटक थप भएको अवधि समेत २०७८।११।३० पुरै समाप्त भएको छ । यसरी निर्माण व्यवसायीलाई सम्झौता अनुसार दिएको २० प्रतिशत पेश्कि पुरै फर्स्यौट भएको अवस्थामा ९४।२०७७।१२।११ मा पुनः रु.८५,०००००।– पेश्कि दिई १३०।२०७८।३।२५ मा रु.११,०००००।– फर्स्यौट गरी वर्षान्तमा रु.७४,०००००।– बाँकी रहेकोले सो पेश्कि रकम सम्झौताको प्रावधान अनुसार नभएकोले असूल गर्नुपर्ने रु | ७,४००,००० |
| २८ | | | **बीमा**<br>**बीमा**- सार्वजनिक खरिद नियमावली, २०६४ को नियम ११२ (१) मा खरिद सम्झौतामा अन्यथा व्यवस्था भएकोमा वाहेक रु. दश लाख भन्दा वढी मूल्यको निर्माण कार्य गर्ने निर्माण व्यवसायीले निर्माण कार्यको जोखिम वापत प्रतिस्थापन खर्चको १५ प्रतिशत रकम समेटीने गरी वीमा गराउनु पर्ने व्यवस्था छ । कार्यालयले निम्न निर्माण कार्यको कुनैमा १५ प्रतिशत रकम थप नगरी र कुनैमा वीमा नै नगरेको देखिन्छ । यसरी उक्त नियमावलीको व्यवस्था अनुसारको रकम समेटीने गरी वीमा गरेको प्रमाण पेश गर्नुपर्ने देखिन्छ ।<br>ठेक्का नं. \| निर्माण कार्य \| निर्माण व्यवसायी \| सम्झौता रकम \| गरेको वीमाकँ रकम \| घटी वीमाकं रकम | |

| क्रम | भौचर नम्बर | भौचर मिति | बिषय | बेरुजु रकम |
|---|---|---|---|---|

| | | | | | |
|---|---|---|---|---|---|
| १५।२०७५।७६ | थाहा पार्क निर्माण | प्रोग्रेसिभ कन्ट्रक्सन प्रा.लि. | १४४३६५७४।- | ० | १६६०२०६०।- |
| १०।२०७६।७७ | शहिद स्मारक पार्क | न्यू ज्योती कन्ट्रक्सन प्रा.लि. | १३९१४३१६। | १५३०५७४८।- | ६९५७१५।- |
| ११।२०७६।७७ | चौकी किटेनी रुपसे सडक स्तरोन्नती | ए.के.विल्डर्स प्रा.लि. | १०३५८७२८।- | १०३९४९८२।- | १५१७५५५।- |

**कार्यसम्पादन जमानत** – सार्वजनिक खरिद नियमावली, २०६४ को नियम ११० (४) मा खरिद सम्झौतामा अन्यथा व्यवस्था भएकोमा वाहेक कार्य सम्पादन जमानतको मान्य अवधि त्यस्तो सम्झौतामा उल्लेखित निर्माण कार्यको त्रुटी सच्याउने दायित्वको अवधि भन्दा कम्तीमा १ महिना वढी अवधिको हुनुपर्ने व्यवस्था छ । कार्यालयले ३६५ दिन त्रुटी सच्याउने दायित्वको अवधि रहेको निम्न निर्माण कार्यको कार्य सम्पादन जमानतको अवधि तद्अनुसार समेटीने गरी नभएकोले नियमावलीको उक्त व्यवस्था अनुसार निर्माण कार्यको कार्य सम्पादन जमानतको अवधि कायम गर्नु पर्दछ ।

| | | | | |
|---|---|---|---|---|
| १५।२०७५।७६ | प्रोग्रेसिभ कन्ट्रक्सन प्रा.लि. | २०७७।११।३० | २०७८।११।१ | १७८३७१४।- |
| १०।२०७६।७७ | न्यू ज्योती कन्ट्रक्सन प्रा.लि. | २०७७।११।१५ | २०७८।१०।१६ | २३०००००।- |
| ६।२०७७।७८ | सक्षम निर्माण सेवा | २०७८।१२।३० | २०७९।१०।३० | २४२०६८१।- |
| ५।२०७७।७८ | सक्षम निर्माण सेवा | २०७८।६।३० | २०७८।१०।१५ | ३५५८४०। |

**वीमा** – सार्वजनिक खरिद नियमावली, २०६४ को नियम ११२ (क) मा रु.१० लाख भन्दा वढीको निर्माण कार्यको जोखिम विरुद्ध वीमा निर्माण व्यवसायीलाई निर्माण स्थल सुम्पिएको मिति देखि हस्तान्तरण प्रमाणपत्र जारी गरिने मिति सम्म निर्माण कार्यको कुनै खण्ड वा अंशमा उप नियम २ को असाधारण परिस्थितिमा वाहेक अन्य जुनसुकै कारणबाट हुने सवै हानी नोक्सानी विरुद्ध निर्माण कार्यको वीमा गराउनु पर्ने व्यवस्था छ । कार्यालयले यस वर्षका निम्न निर्माण कार्यको वीमा गरेको छैन । निर्माण कार्यको कुनै पनि जोखिम विरुद्ध वीमा गरिनु पर्दछ ।

| ठेक्का नम्वर | निर्माण कार्य | निर्माण व्यवसायी | सम्झौता रकम |
|---|---|---|---|
| ५।२०७७।७८ | डोक्छा तुसार सडकको स्तरोन्नती | सक्षम निर्माण सेवा | १०१४१५२२।- |
| २३।२०७६।७७ | भोर्ले खानेपानी आयोजना | सुजन निर्माण सेवा | ७११६७०१।- |

सार्वजनिक खरिद नियमावली, २०६४ को नियम ११२(१) (घ) मा निर्माण व्यवसायीलाई निर्माणस्थल सुम्पिएको मिति देखि हस्तान्तरण प्रमाणपत्र जारी गरिने मिति सम्म निर्माण कार्यको कुनै खण्ड वा अंशमा उप नियम २ को असाधारण परिस्थितीमा वाहेक अन्य जुनसुकै कारणवाट हुने सवै हानी नोक्सानी समेटीने गरी निर्माण कार्यको विमा गर्नुपर्ने व्यवस्था छ । कार्यालयले निम्न निर्माण कार्यको तदनुसार वीमा गरेको देखिएन । अतः ती कार्यको उक्त व्यवस्था अनुसार वीमा गरीनु पर्दछ ।

| क्रम | भौचर नम्बर | भौचर मिति | बिषय | बेरुजु रकम |
|---|---|---|---|---|
| | | | | |
| २९ | | | **कार्य स्वीकार प्रतिवेदन र एज बिल्ट ड्रइगं** | |

**कार्य स्वीकार प्रतिवेदन-** सार्वजनिक खरिद नियमावली, २०६४ को नियम ११७ मा सार्वजनिक निकायले सम्पन्न भएको निर्माण कार्य, आपूर्ति गरिएको मालसामान स्वीकार्दा सोको प्रतिवेदन तयार गर्नुपर्ने र नियम १२५ (२) कुनै निर्माण कार्य सम्पन्न भई त्रुटी सच्चाउने दायित्वको अवधि समाप्त भएपछि सार्वजनिक निकायका प्रमुखले त्यस्तो निर्माण कार्य स्वीकृत ड्रइङ, डिजाइन वा स्पेशिफिकेशन वमोजिम भए नभएको कुरा प्राविधिक कर्मचारीवाट जाँच वुझ गराई कार्य सम्पन्न प्रतिवेदन तयार गर्नुपर्ने व्यवस्था भएकोमा यस वर्ष सम्पन्न भएका १९ निर्माण कार्य सम्पन्न भएकोमा त्रुटी सच्याउने अवधि अगावै कार्य स्वीकार प्रतिवेदन तयार नगरी कार्य सम्पन्न प्रतिवेदन तयार गरेको देखियो । कार्य सम्पन्न प्रतिवेदन पश्चात् निर्माण व्यवसायीको दायित्व सकिने हुदा उक्त व्यवस्था अनुसार निर्माण सम्पन्न पश्चात कार्य स्वीकार प्रतिवेदन जारी गरी त्रुटी सच्याउने अवधि पश्चात मात्र निर्माण कार्यको गुणस्तर सुनिश्चित गरी कार्य सम्पन्न प्रतिवेदन जारी गरिनु पर्दछ।

**कार्य सम्पन्न मिति-** कार्यालयले जारी गर्ने कार्य स्वीकार प्रतिवेदनमा कार्य सम्पन्न मितिको आधारमा निर्माण व्यवसायीको त्रुटी सच्याउने अवधि शुरु हुनेमा कार्यालयले कार्य स्वीकार प्रतिवेदन जारी नगरी कार्य सम्पन्न प्रतिवेदन जारी गर्दा कार्य सम्पन्न भएको मिति उल्लेख गरेको छैन । कार्य सम्पन्न प्रमाणपत्र लगायत ठेक्का विजक, नापी किताव समेतमा विजक उल्लेख नगरेकोले निर्माण व्यवसायीको भूक्तानी माग दावी गरेको पत्रको मितिलाई कार्य सम्पन्न मिति मानी त्रुटी सच्याउने अवधि गणना गरेको छ । जसबाट निर्माण व्यवसायीले विलम्व गरी कार्य सम्पन्न गर्दा समेत सम्झौता अनुसार पूर्वनिर्धारित क्षतिपूर्ति नलाग्ने अवस्था रहेको देखियो ।यस सम्वन्धी केही उदाहरण निम्नानुसार छन् –

| ठेक्का नम्वर | निर्माण कार्य | निर्माण व्यवसायी | सम्झौता रकम | कायम भएको कार्य सम्पन्न मिति |
|---|---|---|---|---|
| ४।२०७७।७८ | कोल्ड स्टोरमा नदी नियन्त्रण कार्य | सक्षम निर्माण सेवा | १,१४,९२,८७४।- | २०७८।३।१४ |
| ११।२०७६।७७ | चौकी किटेनी रुपसे सडक सुधार | ए.के. विल्डर्स प्रा.लि. | १,०३,५८,७२८।- | २०७७।१२।१२ |
| १५।२०७५।७६ | थाहा पार्क निर्माण | प्रोग्रेसिभ कन्स्ट्रक्सन प्रा.लि. | १,४४,३६,५०४।- | २०७७।१२।९ |

**एज विल्ट ड्रइङ्ग-** सार्वजनिक खरिद नियमावली, २०६४ को नियम १२५ वमोजिम खरिद सम्झौता वमोजिम निर्माण कार्य सम्पन्न भएको ३० दिन भित्र सम्वन्धित निर्माण व्यवसायीले निर्माण भए वमोजिमको (एज विल्ट) नक्सा सार्वजनिक निकायमा पेश गर्नुपर्ने व्यवस्था छ । कार्यालयले सोको लागि निर्माण व्यवसायी संगको सम्झौताको विल अफ क्वाण्टिटीमा व्यवस्था नगरेको कारण यस वर्ष सम्पन्न भएका १९ निर्माण कार्यको कुनै पनि निर्माण व्यवसायीले एजविल्ट नक्सा पेश गरेको छैन ।यस्तै यस वर्षका चालु ठेक्कामा समेत तदनुसारको एज विल्ट ड्रइङ्गको व्यवस्था गरेको छैन । यसबाट त्रुटी सच्याउने अवधि पश्चातको निर्माण संरचनाको मर्मत तथा व्यवस्थापनमा समस्या आइपर्ने हुदा सम्पन्न भएका निर्माण कार्यको उक्त व्यवस्था अनुसार एजविल्ट नक्सा लिनुपर्ने देखिन्छ ।

| क्रम | भौचर नम्बर | भौचर मिति | बिषय | बेरुजु रकम |
|---|---|---|---|---|
| | | | **वि.ओ.क्यू. को दर**- कार्यालयले यस वर्ष सम्पन्न भएका १९ निर्माण कार्यको कार्य सम्पन्न प्रतिवेदन तयार गर्दा कार्य सम्पन्न प्रतिवेदन फारमको लागत अनुमान दरमा विभागीय लागत अनुमान दर नराखि सम्झौताको वि.ओ.क्यू. को दर राखेबाट कार्य सम्पन्न पश्चात लागत अनुमान रकम र सम्झौता अनुसारको भूक्तानी रकम तुलनायोग्य देखिएन । अतः तोकिएको फारममा तोकिएको सूचना तथा विवरण नै उल्लेख गर्ने गराउने तर्फ ध्यान जानुपर्ने देखिन्छ ।<br>**निर्माण तर्फका म.ले.प.फारम**-कार्यालयले महालेखा नियन्त्रक कार्यालयले २०७६।४।१ देखि लागु हुनेगरी जारी गरेको निर्माण तर्फका म.ले.प.फारम मध्ये ठेक्का विल प्रयोग गरेको देखिएन । कार्यालयले साविक प्रचलनमा रहेको ठेक्का विल समेत प्रयोग नगरी यस विलको कामको परिमाण र रकमको महलनै नराखी, उल्लेख नगरी, गत विलको र हालसम्मको अद्यावधिक परिमाण र रकम मात्र उल्लेख गरेको पाइयो । यसबाट तोकिएको म.ले.प.फारामको प्रयोग नहुनुका साथै यस विजकको कामको आइटम वाइज परिमाण र भूक्तानी गर्नुपर्ने रकम सिधै नदेखिने स्थिति रहेको छ । अतः निर्माण लेखा तर्फ तोकिएका फारामहरु अनिवार्य रुपमा प्रयोग गरिनु पर्दछ । | |
| ३० | 9 | २०७७-११-१० | **जमानत जफत र पेश्की असुली**<br>५।२०७७।७८ को डोक्छा लेसार सडकको स्तरोन्नति कार्यको लागि निर्माण व्यवसायी सक्षम निर्माण सेवा संग २०७७।१०।७ मा भएको सम्झौताको वुंदा GCC ५७.३ मा ठेक्काको भूक्तानी ३० प्रतिशत पश्चात् मोविलाईजेशन पेश्कि कट्टी गर्दै जाने र ठेक्काको अवधि ८० प्रतिशत कटेपछि सो पेश्कि पुरै कट्टी गरी फस्यौंट गर्नपर्ने व्यवस्था भएकोमा भौ.नं.९।२०७७।११।१० बाट निजलाई दिएको मोविलाईजेशन पेश्कि मध्ये भौ.नं.३५।२०७८।९।१ मा फस्यौंट भएको रु.५०००००।– कटाई वांकी पेश्कि वैंक जमानत जफत गरी असूल गर्नुपर्ने | ५००,००० |

| क्रम | भौचर नम्बर | भौचर मिति | बिषय | बेरुजु रकम |
|---|---|---|---|---|
| ३१ | | | **ठेक्काको अन्त्य**<br>सार्वजनिक खरिद ऐन, २०६३ को दफा ५९ (७) मा सार्वजनिक निकायसंग खरिद सम्झौता गर्नेले सम्झौता वमोजिम काम शुरु नगरेमा, काम शुरु गरी बिचैमा छोडेमा वा सम्झौता वमोजिम कामको प्रगति नगरेमा सार्वजनिक निकायले त्यस्तो सम्झौता जुनसुकै वखत अन्त्य गर्न सक्ने र दफा ५९(८) मा त्यस्तो निर्माण व्यवसायीको सो काम वापत राखेको जमानत पुरै जफत हुने व्यवस्था छ । प्राप्त विवरण अनुसार निम्न निर्माण व्यवसायीले निर्माण सम्झौता वमोजिम २०७८।१२।३० मा सम्पन्न गर्नुपर्ने निर्माण कार्य केहीले काम शुरु नै नगरेको र केहिले ५ प्रतिशत मात्र भौतिक प्रगति गरेको देखिएकोले उक्त व्यवस्था अनुसार निजहरुको ठेक्का अन्त्य गरी जमानत जफत गरी बाँकी काम गर्न लाग्ने रकम समेत सरकारी बाँकी सरह असूल गर्नु पर्ने देखिएको रु. | १,५१७,६९६ |

| ठेक्का नं. | कार्य विवरण/ निर्माण व्यवसायी | सम्झौता मिति | सम्झौता रकम | भौतिक प्रगति | वैंक जमानत |
|---|---|---|---|---|---|
| १।२०७७।७८ | इन्द्रायणी चौरमा नदी नियन्त्रण कार्य (सिंधे कन्ट्रक्सन) | २०७७।७।१६ | ९९५५४४।६९ | ० प्रतिशत | ४०४८६१।- |
| २०।२०७७।७८ | बारबारे मुल खोलाको सडक स्तरोन्नती कार्य (बि.एण्ड पि.निर्माण सेवा) | २०७८।२।२४ | ७२३०३८। | ५ प्रतिशत | ८४९२०।- |
| १६।२०७७।७८ | तारुका हिरी जगदण्डा रोड स्तरोन्नती कार्य | २०७८।२।३ | ३३३६६२२। | ५ प्रतिशत | ६१८२७७।- |
| १३।२०७७।७८ | चौवास खानेपानी आयोजना | २०७८।२।३ | ३६८८६३६। | ५ प्रतिशत | ४०९६३८।- |
| जम्मा | | | ८७४३८४०।६९ | | १५१७६९६।- |

<table>
<tr><th>क्रम</th><th>भौचर नम्बर</th><th>भौचर मिति</th><th>बिषय</th><th>बेरुजु रकम</th></tr>
<tr><td>३२</td><td></td><td></td><td>
बढी भुक्तानी र क्षतिपुर्ति<br>
प्राइमकोट- सडक निर्माण कार्य गर्दा प्रथम चरणमा प्राइम कोटको कार्य सकेपछि मात्र ट्याक कोट गरिने र सो सकेपछि स्याण्ड सिल्ड कार्य गरिने प्रकृया यस नगरपालीकाले समेत अवलम्वन गरेको अवस्थामा प्राइमकोटको परिमाण भन्दा ट्याककोट र स्याण्ड सिल्डको परिमाण वरावर वा कम हुनुपर्नेमा ठे.नं.१३।०७६।७७ निर्माण व्यवसायी सिर्जना कन्ट्रक्सन प्रा.लि.लाई चेनेज नं.०+००० देखि ०+४६० कि.मि.सम्मको सडक निर्माण कार्यको ठिक उल्टो प्राइम कोटको परिमाण भन्दा निम्नानुसार ट्याककोट र स्याण्डसिल्डको परिमाण वढी देखाई वढी भूक्तानी भएको रु. ३९२९६।८८ असूल गर्नुपर्ने
<table>
<tr><th>विवरण</th><th>परिमाण वर्गमीटर</th><th>प्राइमकोट परिमाण वर्ग मिटर</th><th>बढी परिमाण</th><th>दर</th><th>वढी भूक्तानी मु.अ.कर समेत</th></tr>
<tr><td>ट्याक कोट (Mc30/MC70)</td><td>२४८४.०८</td><td>२२३५.६८</td><td>२४८.४</td><td>१००।-</td><td>२८०६९।२०</td></tr>
<tr><td>स्याण्ड सिल्ड</td><td>२४८४.०८</td><td>२२३५.६८</td><td>२४८.४</td><td>४०।-</td><td>११२२७।६८</td></tr>
<tr><td>जम्मा</td><td></td><td></td><td></td><td></td><td>३९२९६।८८</td></tr>
</table>
पूर्वनिर्धारित क्षतिपूर्ति – सार्वजनिक खरिद नियमावली, २०६४ को नियम १२१ मा निर्माण व्यवसायीको ढिलाईको कारणले सम्झौता वमोजिमको काम सो सम्झौतामा तोकिएको म्यादमा सम्पन्न हुन नसकेमा निजले सार्वजनिक निकायलाई सम्झौता रकमको १० प्रतिशतमा नवढ्ने गरी ०.०५ प्रतिशत प्रतिदिनका दरले पूर्वनिर्धारित क्षतिपूर्ति दिनुपर्ने व्यवस्था छ । कार्यालयले ठे.नं. १३।२०७६।७७ अन्तर्गत सरस्वती वजार बुढीचौर सडक स्तरोन्नती कार्यको निर्माण व्यवसायी सिर्जना कन्ट्रक्सन प्रा.लि.ले सम्झौता मुताविक सो निर्माण कार्य २०७८।३।१५ मा सम्पन्न गर्नुपर्नेमा २०७७।३।२० मा सम्पन्न भएको कार्य सम्पन्न प्रतिवेदनमा देखिएकोले विलम्व गरी कार्य सम्पन्न गरेको दिन ५ को उक्त व्यवस्था अनुसारको हुने पूर्व निर्धारित क्षतिपूर्ति रु.२६८८६।२० निजबाट असूल गर्नुपर्ने रु
</td><td>६६,१८२</td></tr>
<tr><td>३३</td><td></td><td></td><td>
अनियमित भुक्तानी<br>
कुलिङ्ग सिस्टम – शित भण्डार निर्माण कार्यका लागि २०७५।२।२१ को ड्रइङ डिजाइन र लागत अनुमान तयार गर्दा समावेस गर्नुपर्ने कुलिङ्ग सिस्टम तत्काल समावेस नगरेको पुस्ट्याई वेगर भौ.नं. १२८।२०७८।३।२३ मा समावेस गर्न APL Consaltancy & MEP Solution लाई २०७७।११।२२ मा सम्झौता गरी DPR तयार गरे वापत रु.८,५३,७१५।– भूक्तानी गरेको नियम सम्मत नदेखिएको रु.............<br>
फरक शिर्षक – शित भण्डार निर्माण कार्यका लागि भौ.नं. १३०।२०७८।३।२५ वाट छैठौ रनिङ्ग विलको रु.६२,५६,९२४।– भूक्तानी गर्दा थाहा शीत भण्डारबाट रु.५४,३०,२६८।– र थाहा वसपार्क शीर्षक बाट रु.८,२६,६५६।– खर्च लेखेको छ । यसरी आधार बेगर शित भण्डार निर्माण कार्यमा थाहा वसपार्कको विनियोजित बजेटबाट खर्च लेखेको रु. ८,२६,६५६।– अनियमित देखिएको रु. ......................
</td><td>१,६८०,३७१</td></tr>
<tr><td>३४</td><td></td><td></td><td>
बीमा<br>
वीमा- ठे.नं. १३।२०७६।७७ अन्तर्गत सरस्वती वजार बुढीचौर सडक स्तरोन्नती कार्यको निर्माण व्यवसायी सिर्जना कन्स्ट्रक्सन प्रा.लि. लाई निर्माण कार्यको वीमा वापत प्रोभोजिनल सममा रकम व्यवस्था गरी वास्तविक विल सम्मको रकम भूक्तानी गर्नु पर्नेमा लमसम (१ जव ) मा राखी भूक्तानी गर्दा वीमा विजक अनुसार रु.३७८७०।– दायित्व हुनेमा रु.७०,०००।– भूक्तानी गरी बढी व्यभार परेको रु.३२१३०।– असूल गर्नुपर्ने रु
</td><td>३२,१३०</td></tr>
</table>

<table>
<tr><th>क्रम</th><th>भौचर नम्बर</th><th>भौचर मिति</th><th>बिषय</th><th>बेरुजु रकम</th></tr>
<tr><td>३५</td><td></td><td></td><td>सम्झौता अनुसारको रकम<br>शित भण्डार निर्माण- थाहा नगर शित भण्डार निर्माण गर्न ड्रइङ डिजाईन तथा लागत अनुमान रु.१५,६६,७१,११५।– को ४० प्रतिशतले हुने रु.६,२६,६८,४४६।– मध्ये रु.४,५०,००,०००।– थाहा नगर शित भण्डार विशिष्टिकृत सहकारी संघले ब्यहोर्ने गरी सो सहकारी संघ संग २०७५।२।२१ मा सम्झौता भएको र सो को लागि स्वीकृत कवोल अंक ११,४७,६२,७९४।६९ को ७० प्रतिशत भूमि व्यवस्था कृषि तथा सहकारी मन्त्रालयले व्यहोर्ने र बाँकी ३० प्रतिशत यस नगरपालीकाले व्यहोर्ने गरी पालुङ वहुउदेश्यिय सहकारी संस्था लिमिटेड संग यस थाहा नगरपालीका र उक्त मन्त्रालय वीच २०७५ चैत्र २४ मा त्रिपक्षीय सम्झौता भएको छ । उक्त सम्झौतामा सहकारी संस्था फरक फरक उल्लेख भएको र निर्माण कार्यको २०७७।१२।१० सम्म चौथो विल सम्म रु.६,८७,२२,५७७।–) यस विलको रु.१,९३,१२,१३१।– समेत) भूक्तानी भएको छ । उक्त निर्माण कार्यको ९० प्रतिशत भौतिक प्रगति भैसकेको अवस्थामा शितभण्डार विशिष्टिकृत सहकारी संस्था, पालुङ वहुउदेश्यिय सहकारी संस्था लि. संग २०७५।१२।२१ को सम्झौता अनुसार लिनुपर्ने रु.४,५०,००,०००।– मध्ये रु.३,०५,००,०००।– मिति २०७८।११।१ सम्म दाखिला नभएको रकम दाखिला गर्न कार्यालयले २०७८।११।१ मा ताकेता गरेको भएतापनि लेखापरीक्षण अवधि २०७८।१२।१७ सम्म पनि दाखिला नभएकोले सो रकम पुनः ताकेता गरी दाखिला हुनुपर्ने</td><td>३०,५००,०००</td></tr>
<tr><td>३६</td><td></td><td></td><td>सामाजिक सुरक्षाः<br>:<br>सामाजिक सुरक्षा ऐन, २०७५ दफा ३ बमोजिम सामाजिक सुरक्षा भत्ता पाउने व्यक्तिले यस ऐन वमोजिमको सामाजिक सुरक्षा भत्ता पाउनको लागि सम्वन्धित स्थानीय तहमा निवेदन दिनुपर्ने र उपदफा (१) वा (२) वमोजिम निवेदन प्राप्त भएमा स्थानीय तहले सात दिन भित्र आवश्यक कारवाही गरी सामाजिक सुरक्षा भत्ता पाउने नदेखिएमा कारण खुलाई सोको लिखित जानाकारी निवेदकलाई दिनुपर्ने छ भनी उल्लेख छ । नगरपालीकाबाट वितरण भएको सामाजिक सुरक्षा भत्ता वितरणमा ना.प्र.प.नम्बर एउटै भएका व्यक्तिहरुलाई उक्त भत्ता वितरण गरिएको देखियो । सो सम्वन्धमा सम्वन्धित निकायबाट ना.प्र.प. नम्बर प्रमाणीकरण गरि यकिन हुनु पर्दछ ।</td><td></td></tr>
